विमानस्थलको सुरक्षा व्यवस्थामा व्यापक हेरफेर.... पृष्ठ ७ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ८९ • २०८० साल साउन ३२ गते विहीबार (17 August, Thursday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

# बिजनेस नहुदाँ नयाँ अधिवेशन अह्वानमा ढिलाइ

प्रदेश सभाको सचिव रञ्जित यादवले अहिले सम्म प्रदेश प्रमुखबाट दोस्रो अधिवेशनको आह्वान भएपछि मात्रै प्रदेश सभाको वैठक आह्वान हुने बताए ।

**राजेन्द्र यादव**

जनकपुरधाम । गत असार ३१ मै मधेश प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो अधिवेशन समाप्त भएको घोषणा गरिएको थियो । अधिवेशन सम्पन्न भएको एक महिना भईसक्दापनि प्रदेश प्रमुखबाट दोस्रो अधिवेशनको आह्वान हुन सकेको छैन । प्रदेश सरकारको सिफासिरमा प्रदेश प्रमुखले प्रदेश सभाको वैठक आह्वान गर्नुपर्ने प्रवधान छ । प्रदेश सभाको सचिव रञ्जित यादवले अहिले सम्म प्रदेश प्रमुखबाट दोस्रो अधिवेशनको आह्वान भएपछि मात्रै प्रदेश सभाको वैठक आह्वान हुने बताए ।



मुख्यमन्त्री सरोज कुमार यादव नेतृत्वको सरकार आएपछि अहिले सम्म विभिन्न ५ वटा विद्येयक प्रदेश सभामा पेश गरि एको छ । प्रदेश सभाका अनुसार सरकारले प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक, प्रदेश बालिका संरक्षण विद्येयक, प्रदेश बाल अधिकार संसोधन ऐन, स्थानिय सेवा गठन सम्बन्धमा र सेवाका शर्तहरु व्यवस्था गर्न बनेको विद्येयक र प्रदेश सवारी यातायात व्यवस्था गर्न बनेको विद्येयक प्रदेश सरकारले सभामा लगेको छ । यि विद्येयकहरु माथि प्रदेश सभामा टेबुल भई समान्य छलफल पश्चात सम्बन्धित समितिमा पठाईएको सचिव यादवले जानकारी दिए ।

> मुख्यमन्त्री सरोज कुमार यादव नेतृत्वको सरकार आएपछि अहिले सम्म विभिन्न ५ वटा विद्येयक प्रदेश सभामा पेश गरिएको छ । प्रदेश सभाका अनुसार सर कारले प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक, प्रदेश बालिका संरक्षण विद्येयक, प्रदेश बाल अधिकार संसोधन ऐन, स्थानिय सेवा गठन सम्बन्धमा र सेवाका शर्तहरु व्यवस्था गर्न बनेको विद्येयक र प्रदेश सवारी यातायात व्यवस्था गर्न बनेको विद्येयक प्रदेश सरकारले सभामा लगेको छ ।

प्रदेश सभाको नयाँ अधिवेशन आह्वान नहुनुको कारण प्रदेश सरकारसँग विजनेस नै नरहेको बताइन्छ । प्रदेश सभामा अहिले कुनै पनि नयाँ विद्येयक छैन, भएका विद्येयकहरु समितिमा पठाईएको छ, सचिव यादवले भने,' नयाँ अधिवेशन आह्वान भएपछि मात्रै नयाँ विद्येयकहरु प्रदेश सभामा दर्ता हुन्छ ।' प्रदेश सभा सचिवलयले प्रदेश सभा विद्येयक नरहेको बताएपनि प्रदेश सरकारका प्रवक्ता तथा अर्थ मन्त्री संजय कुमार यादवले भने सरकारले विभिन्न ५ वटा विद्येयक प्रदेश सभा पठाएको बताए ।

नयाँ अधिवेशन आह्वान भएपछि प्रदेश सभाको वैठक नियमित चल्ने उनले दावी गरे । सरकार विजनेस दिन कुनै कन्जुसाई गरेको छैन, मन्त्री यादवले भने,' तर अव केही दिनमा नयाँ अधिवेशन आह्वानपछि सभाको वैठक नियमित बस्ने छ ।' यसैबीच, पुस ९ मा नयाँ सरकार गठन भएयता प्रदेश सभाको ३७ वठा वैठक बसेको छ । प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो वैठक पुस १८ मा बसेको थियो भने प्रदेश सभाको पहिलो अधिवेशन असार३१ मा समाप्त गरिएको थियो ।

मधेश प्रदेश सरकारले सुरुवाति अवस्थामा प्रदेश सरकार लाई चुस्तदुरुस्त बनाउन कम्तिमा ११५ वटा कानुन निर्माण गर्नुपर्ने पहिचान गरेको थियो । लालबाबु राउत नेतृत्वको सरकारको पालमा ५७ वटा कानुन निर्माण भएको छ । वर्तमान सरकारको पालमा आर्थिक विद्येयक, बजेट विनियोजन विद्येयक र प्रदेशमा निर्माण भएका ऐनहरुको संसोधन गर्न बनेको विद्येयक मात्रै प्रदेश सभाबाट पारित भएको सचिव यादवले बताए ।

मधेश प्रदेशका मुख्यन्याधिवक्ता वीरेन्द्र ठाकुरले कानुन निर्माण आवश्यकता र औचित्यको अधार मा रहेको बताउदै प्रदेश सरकारले अवश्यकता अनुसार ऐन निर्माण तर्फ लागेको बताए । संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार सूचिमा १५, प्रदेशको एकल अधिकार सुचिमा २१, संघको एकल अधिकार सुचिमा ३५ र स्थानीयको एक अधिकार सुचिमा २२ वटा कानुन तोकिएको बताए ।

प्रदेशले आफ्ना अधिकार सुचिमा पर्ने कानुनहरु निर्माणमा गम्भीरता पुर्वक लागेको बताउदै मुख्यन्याधिवक्ता ठाकुरले भने,' कुन कानुन तत्काल निर्माण गर्नुपर्ने हो, त्यसको प्राथमिकता अनुसार सुचि तयार गरेर प्रदेश सरकार अगाडि बढ्छ ।' पहिलो सरकारको पालामा निर्माण भएको ५७ कानुन निर्माण गरेको थियो ।

# विज्ञापनको नाममा ठगी

**संजय यादव**

जनकपुरधाम । काठमाण्डुबाट नेपाल भिजिट र येलो नामक पत्रिका प्रकाशन गर्ने भनेर जनकपुर धामका एक दर्जनभन्दा बढी व्यवसायीको ३५ लाखभन्दा बढी ठगेर सिमरजित सिंह र कविता प्रसाई फरार भएका छन् ।

पीडित व्यवसायीहरुले बुधबार पत्रकार सम्मेलन गरी सिंह र प्रसाईले एक दर्जनभन्दा बढी ब्युटिसियन र होटल व्यवसायीहरूको १० हजारदेखि ४ लाखसम्म गरी ३५ लाख ठगेर फरार भएको बताए । जनकपुरधामको भ्रमरपुराचोकस्थित बिरयानी हाउसका संचालक रघुनाथ पण्डितको सबैभन्दा बढी ४ लाख रुपैयाँ ठगेका छन् । विज्ञापनसहित पत्रिकाको कार्यालय स्थापना र व्यवस्थापनको नाममा ठगेको उनले बताए ।

पण्डितले पीडा सुनाउँदै भने, सिंह र प्रसाईले विज्ञापन एजेन्सी र पत्रिकाको कार्यालयको लागि ८ लाख रुपैयाँ खर्च लाग्ने भनेर दुवै पक्षबीच सम्झौता भयो । जसमध्ये विभिन्न समयमा ४ लाख रुपैयाँ दिए । त्यसयता उनीहरु फरार भएका छन् । सम्पर्क गर्दा मोबाइल स्वीच अफ छ । केहीदिन पहिला कुरा हुँदा तपाई को हो भनेर अपरिचित जस्तो व्यवहार गरेको उनले बताए ।

प्रसाँईकी छोरीको नाउँमा रहेको नेक्सया एडभरटाइजिङ्ग एण्ड मार्केटिङ्ग सर्भीसेज नामक संस्थाको कागजातको आधारमा दुवै जनाले जनकपुरधामको व्यवसायीलाई ठगेका छन् । केही सोधखोज नै नगरी पत्रिका प्रकाशनको नाममा जथाभाबी रकम दिनु कतिको उचित भन्ने सञ्चारकर्मीको जिज्ञासामा पीडितहरुले भने, अन्तराष्ट्रियस्तरको पत्रिका हो, पत्रकार त झुट बोल्दैन सोचेर हामीले रकम दिएको हौ ।

## आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं ।

**लक्षणहरु**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



**रोकथामका उपायहरु**

भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं ।

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।

**वृन्दावन नगरपालिका**
विश्रामपुर, रौतहट, मधेश प्रदेश, नेपाल



'जनमन सँ जनजन धरि'


## रेडियो टुडे ९१ मेगाहर्ज

रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन ल क
निरन्तर १८ घण्टा अहाँक संग

सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५२७५९१, ५२३८६७

भिन्सर ५ बजे सँ राति ११ बजे धरि

# रसायनिक मल गायब पार्ने पाँच जना पक्राउ



**टुडे समाचारदाता**

चन्द्रनिगाहपुर । कृषि सामग्री कम्पनी लिमिटेड चन्द्रनिगाहपुरको लागि पठाएको रसायनिक मल गायब पारेपछि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले गुजरा नगरपालिका -२ का मैरा कटानीको जंगलबाट बरामद गरेको छ ।

१ सय २ बोरा मलसहित चन्द्रनिगाहपुर प्रहरीले एक ट्रक र दुई वटा ट्र्याक्टर र पाँच जना मानिसलाई पक्राउ गरेको छ ।

कृषि सामग्री कम्पनी लिमिटेड वीरञ्जबाट शाखा कार्यालय चन्द्रनिगाहपुरमा ल्याउनका लागि ना ६ ख ९१९२ नम्वरको ट्रकमा ४२० बोरा युरिया मल लोड गरी पठाइएकोमा सम्बन्धित स्थानमा नपुगेको खबर आएपछि प्रहरीले खोजतलास गरेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका डिएसपी एक नारायण कोइरालाले जानकारी दिए । गत साउन १४ गते अशोक विनायक ट्रान्सपोर्टमार्फत ढुवानी भएको सो ट्रक चालक २८ वर्षीय हरिकान्त पासवानलाई सम्पर्क गर्दा गुजरा नगरपालिका -२ मैरा कटानी जंगल नजिकैबाट प्रहरीले बरामद गरेको डिएसपी कोइरालाले बताए ।

लामो समयसम्म पनि रसायानिक मल नपुगेको र चालक पनि सम्पर्कविहीन भएको सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले खोजी गरेको उनको कथन छ ।

गत साउन २६ गते कार्यालयमा सूचनाका आधारमा खोजी गर्ने क्रममा एक ट्रक र दुई वटा ट्र्याक्टरसहित पाँच जनालाई पक्राउ गरिएको उनले जानकारी दिए । चन्द्रपुर नगर पालिका-४ स्थितबाट ना.६ ख ९१९२ नम्बरको ट्रक, चन्द्रपुर नगरपालिका - ९ डुमरियाबाट नम्वर प्लेटर अनटेष्ट रहेको ट्र्याक्टर , सोही वडाबाट ना. ३ त २१८० नम्बरको ट्र्याक्टर बरामद भएको डिएसपी कोइरालाले बताए ।

पक्राउ पर्नेमा वृन्दावन नगर पालिका -६ कमलपट्टिका हरिकान्त पासवान, गुजरा नगर पालिका -९ सिमराभवानीपुरका कृष्ण चौधरी, चन्द्रपुर नगर पालिका -९ डुमरियाका लक्ष्मण चौधरी, चन्द्रपुर नगरपालिका -१० बालचनपुरका छोटेलाल बैठा र गुजरा नगरपालिका- २ कटानीका मुकेश महतो रहेका छन् ।

पक्राउ परेकाहरुलाई अपराधिक विश्वासघात र चोरी तथा डाँका सम्बन्धी कसुरमा अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको डिएसपी कोइरालाले जानकारी दिएका छन् ।

# नगरलाई स्मार्ट सिटीको रुपमा विकास गर्छु : मेयर साह




**टुडे समाचारदाता**

गरुडा । गौर नगरपालिकाका नगर प्रमुख (मेयर) शम्भु साहले आफ्ना पालिकालाई एक नमुना र स्मार्ट सिटीको रुपमा विकास गर्न आफू लागि परेको बताएका छन् । आफ्ना कार्यकाल भित्रमा गौर नगरलाई देशकै नमुना एवं स्मार्ट सिटी बनाउने उद्देश्यका साथ आफू विकास निर्माण लगायत कार्यलाई द्रुत गतिमा अगाडि बढाएको मेयर साहले बताए ।

बुधबार आफनै कार्यकक्षमा पत्रकारहरुसंग कुरा गर्दै मेयर साहले यस्तो बताएका छन् । आफू निर्वाचित भएको एक वर्षमै गौर नगरलाई मधेश प्रदेशमै पहिलो स्थान हासिल गराउन सफल भएको बताउँदै मेयर साहले अब गौर नगरलाई स्मार्ट सिटीको रुपमा विकास गरेरै छाड्ने दाबी गरेका छन् ।

गौर नगरपालिका कार्यसम्पादन मूल्यांकनमा मधेश प्रदेश कै सबै पालिका भन्दा उत्कृष्ट पालिका रहेको छ । यस चालु आर्थिक वर्षमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा उपलब्ध गराइने वित्तीय समानीकरण अनुदान अन्तर्गत कार्य सम्पादन मूल्यांकनमा गौर नगरपालिका सबैभन्दा बढी ६५.१९ अंक ल्याएर प्रदेशकै उत्कृष्ट नगरपालिकाको उपाधी प्राप्त गरिसकेको छ ।

वित्तीय समानीकरण अनुदानका लागि प्रदेश सरकार र स्थानीय तहले कार्य सम्पादन सुचक वापत प्राप्त गरेको नतिजा अनुसार गौर नगर पालिका ६५.१९ प्रतिशत उत्कृष्ट अंक प्राप्त गरी मधेश प्रदेशमा रहेको १३६ पालिकालाई पछाडि पार्दै प्रदेशमै प्रथम स्थान हासिल गरेको थियो ।

सबैको साथ, सहयोग, अपार माया, स्नेह, सदभावका कारण गौर नगरपालिकाले आफ्नो उत्कृष्ट पहिचान कायम गर्न सफल भइसकेको गौर नगरलाई अब सुखी, स्मृद्ध एवं विकसित नगर बनाइ स्मार्ट सिटीको रुपमा विकास गर्न आफू कुनै कसर बाँकी नराखेको नगर प्रमुख साहले बताए । त्यस्तै,गौर नगर पालिका भित्र पर्ने सदरमुकाम गौरमा रहेको जिल्ला कारागार कार्यालयको अतिक्रमित जग्गालाई फिर्ता गराउन र जीर्ण भवनलाई पुर्ननिर्माण वा नयाँ भवन बनाउन आफूले केन्द्र तथा प्रदेश सरकासंग पहल गरिरहेको मेयर शम्भु साहले बताए ।

कारागार कार्यालयको भवन धेरै पुरानो रहेकोले मर्मत सम्भारको अभावमा जीर्ण भइ जतिखेर निभत्किन सकिने अवस्थामा रहेकोले अहिले कैदी जीवन विताइरहेका ३ सय ७७ जना कैदीबन्दी जोखिमपूर्ण अवस्थामा रहेको हुनाले उक्त जीर्ण भवनमा बसिरहेको गुनासो आएपछि सो भवन निर्माणका लागि आफू पहलकदमी लिसकेको बताउँदै मेयर साहले अब चाडैं भवन निर्माण प्रक्रिया सुरु हुनेमा आफू विश्वस्त रहेको समेत उनले जनाए ।

# बिरामीको संख्यामा वृद्धि




**रञ्जन यादव**

कलैया । बारामा सर्पदंशको बिरामीको सङ्ख्यामा वृद्धि भएको छ । मधेश प्रदेशको प्रादेशिक अस्पताल कलैयामा सर्पदंशको बिरामीको संख्यामा वृद्धि भएको अस्पतालले जनाएको छ ।

वर्षायाममा विषालु सर्पको बिगबिगी र स्थानीय स्तरमा सर्पदंश उपचार सेवा नहुँदा प्रादेशिक अस्पतालमा बिरामीको संख्या बढेको छ । प्रादेशिक अस्पताल कलैयामा दैनिक १५ जनासम्म सर्पले डसेका बिरामी पुग्ने गरेका छन् ।

बाराको विभिन्न ठाउँबाट सर्पदंशका बिरामीहरु कलैया अस्पातलमा आउँने गरेका छन् । बारामा आर्थिक वर्ष ०७७-०७८ सर्पले डसेर ६ सय १ जना बिरामी भएका थिए ।

०७८-०७९ मा ८ सय ७२ जना बिरामी र १ जनाको मृत्यु भएको थियो । आर्थिक वर्ष ०७९-०८० मा सर्पको डसाइबाट ७ सय ७३ जना बिरामी भएका थिए ३ जनाको मृत्यु भएको थियो ।

चालु आर्थिक वर्षको साउन महिनासम्म १ सय ५५ जना सर्पको टोकाइबाट बिरामी भएको छ । तराइका जिल्लामा गर्मी बढेको र वर्षातको समय भएकाले विषालु सर्प जमिन बाहिर निस्कने गरेका छन् ।

# निजी तथा सार्वजनिक जग्गामा वृक्षरोपण सुरु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको दक्षिणपूर्वी भेगस्थित सीमावर्ती क्षेत्रमा पर्ने पर्सा गाउँपालिकाले निजी तथा सार्वजनिक जग्गामा वृक्षरोपण सुरु गरेको छ ।

'सबसे बडा धन, बेटी और वन' भन्ने मूल नाराका साथ गाउँपालिकाले पालिकाका बासिन्दालाई निःशुल्क रूपमा बिरुवा बाँड्न सुरु गरेको छ ।

वडा नं. १ का बासिन्दालाई अमेरिकी साल, अमलालगायत जातका बिरुवा वितरण गरी यो अभियान सुरु गरिएको सोही वडाका वडाध्यक्ष सतेन्द्र रायले जानकारी दिए ।

उनका अनुसार एक जना बराबर पाँचदेखि १० वटासम्म बिरुवा बाँडिएको छ ।

वडा नं. १ का करिब दुई सय परिवारले वडा कार्यालयमा



आएर निःशुल्क रूपमा विरुवा लगेका छन् ।

गाउँपालिकाका अध्यक्ष धीरेन्द्र यादव (विस्पत), प्रमुख प्रशासकीय अधिकृत सुरेशकुमार यादवलगायतले स्थानीयवासीलाई निःशुल्क विरुवा उपलब्ध गराउने कार्यको शुभारम्भ गरेका छन् ।

अब क्रमशः छ वटै वडामा विरुवा बाँड्ने योजना रहेको पर्सा गाउँपालिकाले जनाएको छ । सागरनाथ वन विकास परियोजनासँग समन्वय गरी गाउँपालिकाले पहिलो पटक पालिकाका बासिन्दालाई निःशुल्क रूपमा विरुवा बाँड्न सुरु गरेको छ ।

सीमावर्ती (बोर्डर) क्षेत्रमा पर्ने आफ्नो पालिकाभित्र जङ्गल क्षेत्र नपर्ने र पछिल्लो समय अन्य ठाउँमा भएकै वनसमेत विनास हुँदा जलवायुमा परिरहेको असरलाई ध्यानमा राखी गाउँपालिकाले रुख विरुवा संरक्षण गर्नु आवश्यक छ भन्ने सन्देश दिन यो कार्यक्रम ल्याएको गाउँपालिकाका अध्यक्ष विस्पतले बताए ।

## प्रधानसेनापतिसँग तिब्बत सैनिक कमाण्डका मेजर जनरलको शिष्टाचार भेट

काठमाण्डु । प्रधानसेनापति प्रभुराम शर्मासँग चिनियाँ जनमुक्ति सेनाको तिब्बत सैनिक कमाण्डका मेजर जनरल युई एण्डीले शिष्टाचार भेट गर्नुभएको छ ।

सैनिक मुख्यालय जङ्गी अड्डामा उहाँहरूबीच आज भएको भेटमा दुई पक्षीय हित तथा आपसी चासोका विषयमा विचार विमर्श भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

मेजर जनरल एण्डीको नेतृत्वमा नेपालको पाँच दिवसीय भ्रमणमा आठ सदस्यीय सीमा सुरक्षा टोली आजै आएको हो । उक्त टोलीलाई त्रिभुवन अन्तर राष्ट्रिय विमानस्थलमा उपरथी सागरबहादुर थापाले स्वागत गर्नुभएको थियो ।

टोलीले सैनिक कमाण्ड तथा स्टाफ कलेज, सैनिक सङ्ग्रहालयलगायतका सैनिक इकाइ तथा काठमाडौँ र पोखरास्थित ऐतिहासिक एवं पर्यटकीयस्थलको भ्रमण अवलोकन गर्नेछ ।

यसखाले भ्रमणले दुई देशबीच रहिआएको सम्बन्ध थप सुमधुर एवं प्रगाढ बनाउन मद्दत पुग्नाका साथै नेपालको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्न नेपाली सेनाले विश्वास लिएको छ ।रासस

# सङ्घीय निजामती विधेयक एकसाताभित्रै सदनमा दर्ता हुन्छ : उपप्रधामन्त्री खड्का

काठमाण्डु । उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले सङ्घीय निजामती विधेयक एकसाताभित्रै सदनमा दर्ता हुने जानकारी दिनुभएको छ । नेपाल निजामती कर्मचारी युनियन केन्द्रिय कार्यसमितिद्वारा आयोजित प्रशिक्षण कार्यक्रममा उहाँले निजामती विधेयक चालु अधिवेशनमै सदनमा दर्ता भई छलफल अघि बढ्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "विधेयक छिट्टै सदनमा दर्ता हुन्छ, पहिलेको तुलनामा धेरै उन्नत, समृद्ध र वैज्ञानिक बनाउन कोसिस गरिएको छ ।" सविधान जारी भएको आठ वर्ष पूरा भइसक्दासमेत सङ्घीय निजामती विधेयक जारी नभएपछि सरकारको काम गर्ने तरिका र प्राथमिकताका विषयमा आलोचना हुँदैआएको छ ।

सुशासन प्रदान गर्ने सन्दर्भमा देखिएको निर्णय प्रक्रियामा हुने ढिलासुस्ती हटाउन सुधारको कार्ययोजना अघि बढाइएको उल्लेख गर्दै उहाँले पैसाको अभावले मात्र नभई झन्झटिलो निर्णय प्रक्रियाका कारण लक्ष्य अनुरुप पुँजीगत खर्च नहुँदा विकास र समृद्धिका मुद्दा ओझेलमा पर्दैआएकामा सुधारको खाँचो औंल्याउनुभयो ।

उप्रधानमनन्त्री खड्काले भन्नुभयो, "निर्णय प्रक्रियालाई छिटोछरितो गराउन केही आधारभूत सुधारको खाँचो छ, सुशासन र सेवाप्रवाह तथा सविधानले सुनिश्चित गरेको अधिकार कार्यान्वनको विषयलाई सरकारले जोड दिएको छ ।" राष्ट्रसेवक कर्मचारीबाट आमसेवाग्राहीप्रति गरिएको हार्दिकतासहितको बोली, व्यवहार र कामको समाजमा सर्वत्र छलफल र चर्चाको विषय बन्न आवश्यक रहेको बताउँदै उहाँले नागरिकमैत्री सेवाप्रवाहले नेतृत्व बलियो हुने मात्र नभई सङ्गठन सुदृढ हुने पक्षमा हेक्का राख्न सुझाव दिनुभयो ।रासस

# बत्ती जाँदा जनतालाई सास्ती

**बखतियार अलि**

मलंगवा । अनियमितरुपमा छिनछिनमा लाइन काटेर विद्युत प्राधिकरण वितरण केन्द्र मलंगवासहित सर्लाही जिल्ला अन्तर्गतका सबै वितरण केन्द्रहरुले दुख दिन थालेकाले जिल्लाभरिका उपभोक्ताहरु प्राधिकरणको लापरवाहीपूर्ण रवैयाप्रति स्थानीय आक्रोशित भएका छन् । मलंगवा वितरण केन्द्रको प्रमुखको रुपमा उपप्रबन्धक उमेश प्रसाद यादव आएदेखि जिल्लामा यस्तो समस्या बढेको छ।

६ महिना अगाडि उपप्रबन्धक यादव वितरण केन्द्रको प्रमुखको रुपमा आएका छन् । उनी आएदेखिनै प्राधिकरणले बिना सूचना छिनछिनमा झ्याप-झ्याप विद्युत लाइन काट्न थालेको छ । यसरी छिनछिनमा बत्ती जाँदा बिजुलीबाट हुने सम्पूर्ण काममा अवरोध उत्पन्न भएको छ । लाइन नभएको बेला विकल्पको रुपमा इन्भर्टरबाट काम चलाउँदै आएका मानिसहरु छिनछिनमा बत्ती गरइने समस्याका कारण सही तरिकाले इन्भर्टरसमेत चार्ज गर्न नपाएको स्थानीय बताउँछन् ।

सबैखाले कार्यालयमा अफिसियल कामहरु कम्प्युटरको माध्यमबाट हुने गरेकोले एकदिनको काममा तीनचार दिन लाग्ने गरेको कर्मचारीहरुले बताएका छन् । विद्युत प्राधिकरणका कार्यालय




प्रमुखदेखि अन्य कर्मचारीहरुसंग छिनछिनमा लाइन जाने समस्याको कारणबारेमा जानकारी लिन फोन गर्दा फोन नउठाउने र यदी उठाइहाले पनि प्राविधिक खराबी आएको भनेर पन्छिन खोजेको उपभोक्ताहरुले बताए ।

कतिबेला लाइन आउँछ भनेर सोद्धा प्राविधिकहरु काममा लागेको छ केही छिनमै लाइन आउँछ भनि फोन काट्ने गरेको उपभोक्ताहरुले जनाएका छन् । प्राविधिकहरु समस्याग्रस्त लाइनको मर्मत गरेर विद्युत सुचारु गरेपनि केहीबेरमै पुनः कटेर घन्टौंसम्म विद्युत सेवा अवरुद्ध हुने गरेको छ । उपभोक्ताहरु यो समस्याबाट एक या दुईदिन मात्रै नभइ दैनिक रुपमा पीडित भइरहेका छन्।लोडसेडिङ अन्त्यपछि पनि उपभोक्ताले निरन्तररूपमा यस्तो समस्या झेल्दै आएका छन् । उपभोक्ताहरुलाई जस्तो सुकै समस्याहरु आए पनि बिजुलीको महसुल समयमै बुझाउनुपर्छ । समयमा महसुल नबुझाएको खण्डमा प्राधिकरणले उपभोक्तासँग १० देखि २५ प्रतिशतसम्म जरिवाना असुल्ने गरेका छन् ।

लाइन दिन कन्जुस्याइँ गर्ने तर लाइन काट्न कन्जुस्याइँ नगर्ने विद्युत प्राधिकरणको गैरजिम्मेवारीपन रवैया प्रति जिल्लाभरीका उपभोक्ताहरु पीडित बनेका छन् । वितरण केन्द्र मलंगवामा प्रमुख भएर आए लगत्तै उपप्रबन्धक यादवले ३३ जना दैनिक ज्यालादारी ,११ जना सेवा करार र २० जना गोटा गन्ती(मिटर रिडर) गरी जम्मा ५४ जना कर्मचारीहरु भर्ना गरेका छन् । ती ५४ जना कर्मचारीहरुमा तलब भत्ता वापत मासिक १३ लाख ३८ हजार ५ सय रुपैयाँ अतिरिक्त खर्च हुने गरेको वितरण केन्द्र मलंगवाका लेखापाल हृदय नारायण चौधरीले जानकारी दिए ।

सही तरिकाले विद्युत सेवा प्रदान गर्न आम उपभोक्ताले तिरेको महसुल वापतको रकमबाट मासिक १ लाख रुपैयाँ भन्दाबढी रकम खर्च गरेर प्राविधिक तथा कर्मचारीहरु भर्ना गर्दा पनि यहाँका जनताहरु अनियमित विद्युत कटौती र अघोषित लिडसेडिंङको मार झेल्दै आएका छन् । जिल्लाको सदरमुकाम मलंगवा सहित हरिपुर्वा, बलरा लालबन्दी, हरिवन, हरिपुर,बरहथवा, बयलबास,गोडैता,गढैया डुमरिया लगायतका मुख्य सहरदेखि गाउँसम्मका उपभोक्ताहरु जथाभावी बत्ती काटिने समस्या झेलिरहेका छन् ।

यता उपप्रबन्धक यादवले भने मलंगवा वितरण केन्द्र अन्तर्गत एउटामात्र सब स्टेसन मलंगवामा रहेको र यसले सबैतिर धान्न नसकेकोले विकल्प स्वरुप प्रादेशिक कार्यालयको आयोजना अन्तर्गत पुर्वमा हरिपुर्वा र पश्चिमा गडहिया डुमरियामा गरी दुईवटा सब स्टेसन निर्माणाधीन अवस्थामा रहेकोले अबको १०-१५ दिनको भित्रमा ती दुबै सब स्टेसनहरु संचालनमा आएपछि बत्तीको समस्या हटेर जाने बताएका छन् ।

**घर तथा सटर भाडाको लागि खाली**

मिल्स एरिया शुभ चौक देखि जानकी मन्दिर जाने बाटोमा नयाँ फ्लैट पहिलो तल्लाको ठुलो कोठा-२, भन्सा घर-१, बाथरुम -२, पुजा कोठा-१, गेष्ट रुम-१, आधुनिक सुविधायुक्त भाडाको लागि घर खाली रहेकोले इच्छुक व्यक्ति निम्न नं. मा सम्पर्क गर्न अनुरोध छ ।

**सम्पर्क नं.** ९८१७६८५५११

**नोट**:- शाकाहारीलाई विशेष ग्राहायता दिनेछ ।


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : शिक्षामा उन्नति । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : धन बृद्धि सञ्चय । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अनौपचारिक श्रमिक र स्वरोजगार व्यक्ति सामाजिक सुरक्षाको दायरामा



काठमाण्डु । लामो समयको प्रतीक्षापछि आजदेखि अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्ति सामाजिक सुरक्षाको दायरामा आएका छन् । सामाजिक सुरक्षा कोषले आज एक कार्यक्रमका बीच अनौपचारिक श्रमिक र स्वरोजगार व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा सूचीकरण गराउन सुरु गरेको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उक्त योजनाको शुभारम्भ गर्दै अनौपचारिक क्षेत्रका ४० लाख श्रमिकलाई सामाजिक सुरक्षा योजनामा समेट्ने बताउनुभयो। औपचारिक क्षेत्रका र वैदेशिक रोजगारीमा रहेका श्रमिक यसअघिदेखि नै सामाजिक सुरक्षा कोषमा आबद्ध हुँदै आएका छन् । विसं २०७५ मङ्सिर ११ गतेदेखि औपचारिक क्षेत्रका श्रमिकका लागि सामाजिक सुरक्षा योजनामा समेटिन थालेका हुन् । कोषले गत चैत ८ गतेदेखि वैदेशिक क्षेत्रका श्रमिकलाई योजनामा आबद्ध गराएको थियो ।

सामाजिक सुरक्षा योजनामा सहभागी हुन अनौपचारिक क्षेत्रका श्रमिकले नेपाल सरकारले तोकेको आधारभूत पारिश्रमिकको २० दशमवल ३७ रकम र स्वरोजगारमा रहेका व्यक्तिले ३१ प्रतिशत र कम योगदान गर्नुपर्ने कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिनुभयो। अनौपचारिक श्रमिकका तर्फबाट योगदान रकमको ११ प्रतिशत सम्बन्धित व्यक्ति र बाँकी सरकार कातर्फबाट ९ दशमवल ३७ प्रतिशत जम्मा हुनेछ। सरकारकातर्फबाट जम्मा गरिने रकम सङ्घ, प्रदेश वा स्थानीय तहले जम्मा गरिदिने वा त्यस्तो रकम योगदनकर्ता आफैँले जम्मा गर्न सक्नेछन् ।

सरकारले श्रमिकको न्यूनतम पारिश्रमिक १५ हजार तोकेको छ। जसमा आधारभूत पारिश्रमिक नौ हजार तीन सय ८५ र महँगी भत्ता पाँच हजार छ सय १५ तोकिएको छ । त्यस्ता श्रमिकले आधारभूत पारिश्रमिको २० दशमलव ३७ प्रतिशत आफैँ जम्मा गर्नसक्ने व्यवस्था अनौपचारिक र स्वरोजगार क्षेत्र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ मा व्यवस्था गरिएको छ।

कोषले अनौपचारिक श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिका लागि औषधोपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गर्नेछ। उक्त योजनामा सहभागी श्रमिकले तोकिएको अस्पतालमा वार्षिक एक लाखको औषधोपचार सुविधा प्राप्त गर्नेछन् । बिरामी हुँदा वा सुत्केरी भएको अवस्थामा आधारभूत परिश्रमिकको ६० प्रतिशत रकम, जुनसकै कारणबाट दुर्घटना हुँदा रु सात लाख उपचार खर्च र अशक्तता भएको अवस्थामा आधारभूत पारिश्रमिकको ६० प्रतिशत रकम पाउनेछन् ।

कोषले प्रदान गर्ने औषधोपचार, दुर्घटना तथा आश्रित परिवार सुविधा प्राप्त गर्न योगदानकर्ताले कम्तीमा नौ महिना तथा वृद्धावस्थाबापतको सुविधा प्राप्त गर्न ६० वर्ष उमेर पुगेको र कम्तीमा एक सय ८० महिना योगदान गरेको हुनुपर्नेछ । अनौपचारिक श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिले कोषमा आवेदन दिएर सो योजनामा सहभागी हुन सक्नेछन् । आवेदनका लागि स्वरोजगारमा रहेका व्यक्तिले नागरिकताको प्रतिलिपि, व्यवसाय दर्ता गरेको भए प्रमाणपत्र, वडा कार्यालयको सिफारिस, आफूले मासिकरुपमा गर्ने योगदान रकम, प्यान वा कर दर्ता प्रमाणपत्र, सम्पर्क नम्बर पेस गर्नुपर्नेछ।

अनौपचारिक क्षेत्रका श्रमिकले नागरिकताको प्रतिलिपि, आफूले श्रम गर्ने गरेको क्षेत्र (कृषि, यातायात, निर्माण वा घरेलु कामदार), वडा कार्यालयले निज अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक रहेको भनी गरेको सिफारिसपत्र पेस गर्नुपर्ने कार्यविधिमा उल्लेख छ।

**फेदीखोला र भीमफेदीसँग सम्झौता**

कोषले सो योजनालाई स्थानीय तहसँगको समन्वयमा अगाडि बढाउने तयारी गरेको छ। उक्त योजनामा श्रमिकको सहभागिता वृद्धि गर्न स्थानीय तहसँग छलफल भइरहेको प्रवक्ता पन्थीले जानकारी दिनुभयो।

कोषले अनौपचारिक श्रमिक तथा स्वरोजगार व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउन स्याङ्जाको फेदीखोला र मकवानपुरको भीमफेदी गाउँपालिकासँग सम्झौता गरेको छ । सम्झौताअनुसार पालिकाले अनौपचारिक क्षेत्रमा रहेका श्रमिकको तर्फबाट आधारभूत परिश्रमिकको ९ दशमवल ३७ प्रतिशत र सम्बन्धित व्यक्तिको ११ प्रतिशत गरी कुल २० दशमवल ३७ प्रतिशत रकम हाल रु एक हजार नौ सय १२ मासिक कोषमा योगदान गर्नेछ । गोरखा, बागलुङ, बर्दियालगायत जिल्लाका स्थानीय तहसँग सम्झौता गर्ने तयारी भइरहेको उहाँको भनाइ छ।

**सात लाख श्रमिक समेटिए**

हालसम्म सात लाख १६ हजार एक सय २८ श्रमिक सामाजिक सुरक्षा योजनामा समेटिएका छन् । मङ्गलबारसम्म औपचारिक क्षेत्रका चार लाख ३२ हजार आठ सय ५५ र वैदेशिक क्षेत्रका दुई लाख ८३ हजार दुई सय ६५ श्रमिक योजनामा आबद्ध भएको कोषले जनाएको छ।

कोषले हालसम्म योगदानकर्तालाई विभिन्न सुविधा योजनाअन्तर्गत पाँच अर्ब ४३ करोड दाबी भुक्तानी गरेको छ। कोषबाट ९४ हजार छ सय एक योगदानकर्ताले विभिन्न सुविधा लिएका छन् । हालसम्म रु ३९ अर्ब ८२ करोड योगदान सङ्कलन भएको छ। रासस

# काठमाण्डु- तराई द्रुतमार्गको डिपिआर संशोधन

काठमाण्डु । काठमाण्डु तराई-मधेश द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) संशोधन गरिएको छ।

लागत समय र लागत मूल्य घट्ने गरी द्रुतमार्गको प्रतिवेदन संशोधन गरिएको भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले जानकारी दिनुभयो । मङ्गलबार बसेको मन्त्रिपरिषद्को बैठकले काठमाण्डु-तराई -मधेश द्रुतमार्गको डिपीआर संशोधनको निर्णय गरेको हो।

झण्डै रु दुई अर्ब घट्ने र निर्माणको समय पनि घट्नेगरी द्रुतमार्गको डिपीआर संशोधन भएको मन्त्री ज्वालाले बताउनुभयो । उहाँले भन्नुभयो, "सुरुङ मार्ग थपिँदा सडकको लम्वाइ र मूल्य दुबै घट्यो।"

काठमाण्डु-मधेश 'लाइफ लाइन' का रूपमा रहेको द्रुतमार्ग नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको छ । विसं २०७४ वैशाख २१ देखि निर्माण सुरु गरिएको काठमाण्डु-तराई-मधेश द्रुतमार्ग हालसम्म २५ दशमलव ५४ प्रतिशत मात्र प्रगति भएको र विसं २०८३ साल चैत मसान्तसम्म सक्ने लक्ष्य लिइएको छ । द्रुतमार्गको प्रगति कमजोर देखिएपछि मन्त्री ज्वालाले नेपाली सेनासँग असन्तुष्टी जनाउनुभयो । द्रुतमार्गको काम द्रुतगतिमा हुनुपर्ने भए पनि प्रगति हेर्दा आशावादी नभएको नेपाली सेनाका अधिकारीलाई मन्त्री ज्वालाले बताउनुभएको थियो।

प्रतिवेदन संशोधन भएपछि लागत मूल्य पनि घट्ने भएको छ। रु दुई खर्ब १३ अर्ब नौ करोड ५३ लाखको लागत रहेकामा संशोधनपछि रु दुई खर्ब ११ अर्ब नौ करोड ३० लाख आयोजनाको लागत रहने भएको छ। रासस

# बिस हजार बढीले लिए आयुर्वेदिक उपचार सेवा

झापा । झापामा आर्थिक वर्ष २०७९/८० मा २० हजार छ सय जनाले आयुर्वेदिक उपचार सेवा लिएका छन् । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख डा अनिलकुमार यादवका अनुसार आयुर्वेदिक चिकित्सा पद्धतिप्रति बढ्दो विश्वास र सर्वसुलभ भएकाले यसप्रति सेवाग्राहीको आकर्षण बढेको हो । उहाँका अनुसार आर्थिक वर्ष २०७७/७८ मा १७ हजार पाँच सय ९८ जनाले सेवा लिए । आव २०७८/७९ मा १७ हजार छ सय ६५ जनाले आयुर्वेदिक उपचार सेवा लिएका थिए । आयुर्वेद स्वास्थ्य केन्द्रमा ४० देखि ५० वर्ष र ६० वर्षदेखि माथिको उमेर समूहका बढी बिरामी उपचारका लागि आउने गरेका छन्।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका कविराज निरीक्षक टेकनाथ अर्यालले जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रबाट ल्याब सेवा, फिजियो थेरापी, उपचारात्मक योग सेवा, जलौका (लिच थेरापी), पञ्चकर्म/पूर्वकर्म लगायतका सेवा उपलब्ध छ । यहाँ ग्याष्ट्रिक, बाथ, उच्च रक्तचाप, मधुमेह, पायल्स, फिस्टुला, फिसर लगायतका बिरामी आउने गरेका छन् । चेकजाँच पछि उनीहरूलाई

> जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका कविराज निरीक्षक टेकनाथ अर्यालले जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रबाट ल्याब सेवा, फिजियो थेरापी, उपचारात्मक योग सेवा, जलौका (लिच थेरापी), पञ्चकर्म/पूर्वकर्म लगायतका सेवा उपलब्ध छ ।

निःशुल्क औषधि उपलब्ध गराइन्छ।

कविराज अर्याल केन्द्रमार्फत यहाँका विद्यालयमा आयुर्वेद तथा योग शिक्षासमेत प्रदान गर्ने गरिएको बताउनुहुन्छ । झापाको कनकाई नगरपालिका-१ दुर्गापुरमा निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर तथा हल्दिबारी र भद्रपुरका तीन सय ५८ स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ जडीबुटीजन्य औषधि वितरण गरिएको थियो । आयुर्वेद उपचार प्रति सर्वसाधारणको आकर्षण बढे पनि बजेट र पूर्वाधार अभावले प्रभावकारी रूपमा सेवा दिन नसकिएको कार्यालय प्रमुख डा यादवले बताउनुभयो। सात जनाको स्थायी दरबन्दी भए पनि तीन जनाको दरबन्दी रिक्त छ । हाल केन्द्रमा स्थायी र करारका गरी १३ कर्मचारीले सेवा दिइरहेका छन्। झापामा सरकारीस्तरमा आयुर्वेदिक चिकित्सा पद्धतिमा आधारित जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र एउटा तथा सात आयुर्वेद औषधालय छन् । रासस

# सन् २०२६ सम्ममा दादुरा निवारणका लागि खोप ल्याउन गाभीलाई पत्र



काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सबै जिल्लामा यसै आर्थिक वर्षमा दादुरा-रुवेला रोगविरुद्धको खोप अभियान सञ्चालन गर्ने तयारी गरेको छ। दादुरा रोगलाई सन् २०२६ सम्ममा निवारण गर्ने लक्ष्यका साथ मन्त्रालयले यसै आर्थिक वर्षभित्र देशभरिका बालबालिकालाई दादुरा र रुवेलाविरुद्धको खोप लगाउन अभियान सञ्चालनको तयारी गरेको हो।

खोप अभियानका लागि स्वास्थ्य सेवा विभागअन्तर्गतको बालस्वास्थ्य तथा खोप शाखाले 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स 'गाभी' लाई गत साउन- २ गते औपचारिक रूपमा पत्र पठाइ दादुरा-रुवेलाविरुद्धको खोप माग गरेको छ । खोप शाखा प्रमुख डा अभियान गौतमले अभियानका लागि गाभीसँग ९७ लाख मात्रा खोप माग गरिएको जानकारी दिनुभयो।

"हाम्रो पत्रलाई गाभीले सकारात्मक रूपमा लिएको छ" उहाँले भन्नुभयो, "गाभीबाट खोप आएपछि देशभरि नै खोप अभियान सञ्चालन गर्दछौँ ।"उहाँका अनुसार खोप नौ महिनादेखि पाँच वर्ष उमेर समूह र उच्च जोखिमका जिल्लामा १५ वर्षमुनिका बालबालिकालाई प्रदान गरिने छ।

भारतसँग सिमाना जोडिएका २१ र उपत्यकाका तीन जिल्ला काठमाण्डु, ललितपुर र भक्तपुरलाई उच्च सङ्क्रमित जिल्लाको रूपमा लिइएको छ। परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले देशभरि नै खोप सञ्चालन गर्नका लागि नेपालमा रहेको साधनस्रोत अभाव हुने भएकोले गाभीलाई खोपका लागि आग्रह गरिएको जानकारी दिनुभयो। "देशभरि नै बालबालिकालाई खोप लगाउन हामीसँग भएको स्रोतसाधानले पुग्दैन" उहाँले भन्नुभयो, "खोप उपलब्ध गराउनका लागि हामीले सरकारका तर्फबाट गाभीलाई औपचारिक पत्र पठाइसकेका छौँ। हाम्रो प्रस्तावमाथि छलफल भएर खोप स्वीकृत हुनका लागि पाँच-छ महिना लाग्छ र त्यसको एक-दुई महिना खोप नेपाल आउन सक्छ। आर्थिक वर्षको अन्त्यसम्ममा खोप लगाउन सक्छौँ कि भन्ने हामीलाई लागेको छ।"

निर्देशक लालले अन्य रोगजस्तो दादुरा नभएकोले चार-पाँच वर्षबीचको अन्तरमा देशभरि नै अभियान सञ्चालन गर्नुपर्ने बताउनुभयो । देशभरि नै जोखिममा रहेका १६ जिल्लामा अरु खोप ८०/८५ प्रतिशत बालबालिकालाई लगाइयो भने अन्य १०/१५ प्रतिशत बालबालिका पनि सुरक्षित हुन्छन् भन्ने छ" उहाँले भन्नुभयो, "तर दादुरा खोप कमसेकम ९५ प्रतिशत बालबालिका लाई लगाउनुपर्दछ।"

नेपालको जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण-२०२२ अनुसार ८० प्रतिशत बालबालिकाले दादुरा-रुवेलाविरुद्धको खोप लगाएका छन् । सरकारले पहिलो पटक सन् २०१९ मा र त्यसपछि सन् २०२३ मा दादुरा निवारण गर्ने लक्ष्य लिएको थियो तर कोभिड-१९ महामारीका कारण २०२३ मा निवारण गर्न नसक्ने जनाएपछि सन् २०२६ सम्म निवारण गर्ने लक्ष्य लिएको छ।

शाखाका प्रमुख डा गौतमले सन् २०२६ सम्ममा दादुरा निवारण गर्ने लक्ष्यका साथ यसै आर्थिक वर्षमा देशभरि नै खोप अभियान सञ्चालन गर्न थालिएको बताउनुभयो।

गाभीबाट प्राप्त भएको खोप बालबालिकालाई दुई मात्रा लगाइने छ । दादुरा रोगबाट बच्ने एक मात्र उपाय दादुराविरुद्धको खोप लिनु नै हो । त्यसैले यो रोगबाट बचाउन नियमित खोपमार्फत सरकारले ९ र १५ महिनाको उमेर समूहका बालबालिकालाई सरकारले निःशुल्क दादुरा खोप दुई मात्रा प्रदान गर्दै आइरहेको छ।

दादुरा निकै छिटो सर्ने सरुवा रोग हो। यो रोग सामन्यतया पाँच वर्ष मुनिका बालबालिकालाई धेरै लाग्दछ र त्यसले छिट्टै महामारीको रुप पनि लिन सक्दछ।

दादुरा रोग लाग्यो भने यसका जटिलता जस्तै निमोनिया, झाडापखाला, जलवियोजन र कुपोषणको कारणले बिरामीको मृत्युसमेत हुनसक्छ । दादुराको भाइरस मानिसबाट मानिसमा मात्र सर्दछ। यो भाइरस सङ्क्रमण भएको व्यक्तिको नाक तथा घाँटीमा असर गरेर वृद्धि हुने र श्वास नली एवं अरु भित्री अङ्गमा समेत सङ्क्रमण गर्दछ। दादुरा रोग सङ्क्रमण भएको (रोग लागेको) व्यक्तिले खोक्दा र हाच्छिउ गर्दा निस्कने छिटा एक व्यक्तिबाट अर्को व्यक्तिमा हावाको माध्यमबाट सर्दछ।

**लक्षणहरू**

ज्वरो आउनु र शरीरमा राता बिमिरा देखापर्नु दादुरा रोगका प्रमुख लक्षण हुन् । यसका साथै रुघाखोकीको लक्षण (नाकबाट पानी बग्ने, खोकी लाग्ने, आँखा रातो हुने, आँखा पाक्ने आदि ) पनि देखिन सक्छ । रोगीको सम्पर्कमा आएको १०/१२ दिनपछि मात्र दादुराको लक्षण (ज्वरो) देखा पर्दछ । दादुरा सङ्क्रमित व्यक्तिलाई डावर र बिमिरा देखा पर्नेभन्दा चार दिन अघिदेखि डाबर देखा पर्ने र यसको चार दिनपछिसम्म अर्को व्यक्तिमा सर्न सक्दछ। रासस

# 'आम नागरिकमा हुनुपर्ने राजनीतिक चेतना छ'

काठमाण्डु।अभिनेत्रीस्वस्तिमा खड्काले अभिनय गर्नुभएको चलचित्र 'ऐँचो पैँचो' राजनीतिक पृष्ठभूमिमा तयार गरिएको छ । उहाँले यस चलचित्रमा राजनीतिज्ञको भूमिका निर्वाह गर्नुभएको छ।

राजनीतिलाई पेसा बनाउनेप्रति व्यङ्ग्य गर्ने प्रवृत्ति रहेको भन्दै खड्काले चलचित्रले उठाएको विषयवस्तु समाजसँग जोडिएको बताउनुभयो । उहाँले भन्नुभयो, "एउटा आम नागरिकले राजनीतिबारे राख्नुपर्ने ज्ञान मसँग छ। कलेज जीवनमा नै यसलाई नजिकबाट नियालेकाले यससम्बन्धी केही ज्ञान छ।" उहाँले आफू कुनै पार्टीको विचारसँग नभई केही व्यक्तिसँग प्रभावित रहेको बताउनुभयो।

सामाजिक विषयको चलचित्रमा देखिँदै आउनुभएकी अभिनेत्री खड्काले आफू अभिनित चलचित्र 'ऐँचो पैँचो' पूर्णरूपमा व्यावसायिक रहेको बताउनुभयो । आफूले

> सामाजिक विषयको चलचित्रमा देखिँदै आउनुभएकी अभिनेत्री खड्काले आफू अभिनित चलचित्र "ऐँचो पैँचो" पूर्णरूपमा व्यावसायिक रहेको बताउनुभयो । आफूले अभिनय गरिरहेका चलचित्र एकै विधाका भएकाले यसपटक दर्शकले फरकरूपमा पाउने उहाँको भनाइ थियो । अभिनेत्री खड्काले भन्नुभयो, मैले कलाकात्मक चलचित्रमा केही समय अभिनय गरेँ । यो पूर्णरूपमा व्यावसायिक हो । त्यसैले यो मेरा लागि महत्वपूर्ण छ।

अभिनय गरिरहेका चलचित्र एकै विधाका भएकाले यसपटक दर्शकले फरकरूपमा पाउने उहाँको भनाइ थियो। अभिनेत्री खड्काले भन्नुभयो, "मैले कलाकात्मक चलचित्रमा केही समय अभिनय गरेँ। यो पूर्णरूपमा व्यावसायिक हो । त्यसैले यो मेरा लागि महत्वपूर्ण छ।"

निर्देशक कृषा चौलागाईँले आफ्नो लगावका कारण चलचित्र निर्देशन यात्रा सुरु गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "म यो क्षेत्रमा सानै उमेरदेखि निर्मात्रीका रूपमा जोडिए । त्यसपछि केही छोटा चलचित्र र विज्ञापनमा काम गरेको अनुभवका आधारमा निर्देशन गरेकी हुँ। यो म एक्लोभन्दा पनि सम्पूर्ण समूहकै प्रयासले सफल भएको हो।"

केपी फिल्मस्को ब्यानरमा निर्माण भएको उक्त चलचित्रमा कोसिस क्षेत्री, सुशील सिटौला, रमेश बुढाथोकी, राजाराम पौडेल, बुद्धि तामाङ, रवीन्द्र झा, सरिता गिरी, विशाल पहारीलगायत कलाकारले अभिनय गर्नुभएको छ । यसमा अभिमन्यू निरवीले कथा, पुरुषोत्तम प्रधानले छायाँङ्कन, कविराज गहतराजले नृत्य निर्देशन, सुजिल कर्माचार्यले पार्श्व सङ्गीत, रेनिश फागोले रङ्ग संयोजन, विपिन मल्ल र भूपेन्द्र अधिकारीले सम्पादन गर्नुभएको छ। रासस


## श्री बिलट साह सर्बोदय माध्यमिक विद्यालय
### सिनुरजोडा, लक्ष्मीनिया गाउँपालिका-२, धनुषा
### मधेश प्रदेश, नेपाल


## बोलपत्र स्वीकृत गर्ने आशय को सुचना

सुचना प्रकाशित मिति - २०८०।०४।३२ गते

यस विद्यालयको तपशिल ठेक्का नं. मा उल्लेखित कार्यको लागि मिति २०८०/०२/२४ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली (e–GP II) मा प्रकाशित बोलपत्र आव्हानको सुचना अनुसार तोकिएको म्याद भित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन समितिबाट न्युनतम मुल्याङ्कन भई सारभुत रुपमा प्राभावग्राही देखि स्वीकृतीको लागि तपशिल बमोजिमको बोलपत्र छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ उपदफा २ को प्रायोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धी सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाता को नाम र ठेगाना | कबोल अंक (मु.अ. कर र PS समेत) |
|---|---|---|---|---|
| १ | 01/WORKS/ 2079–80 | Construction of four room building of Bilat Sah Sarvodaya MA vi, Laxminiya RM, Ward 2 | सिद्धार्थ कन्स्ट्रक्सन, जनकपुरधाम - १४, धनुषा | २८०१०५१।६८ NPR |



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# शंकामा मधेश

भारतले अगस्त १५ मा आफ्नो ७७ औं स्वतन्त्रता दिवस धुमधामका साथ मनाए। नेपाल स्थित भारतीय दुताबास र वीरगञ्ज स्थित महावाणिज्यदुताबासमा समेत विभिन्न कार्यक्रम गरी भारतको स्वतन्त्रता दिवस मनाइयो। वीरगञ्ज स्थित महावाणिज्य दुताबासमा तराई मधेशका नेताहरुको अभिव्यक्तिले भारतप्रति आत्मसर्म्पणबाद देखियो। भारतको स्वतन्त्रता दिवसको अवसरमा शुभकामना दिने क्रममा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव देखि लिएर आमन्त्रित जनप्रतिनिधिहरु समेत मधेश भारतको एक अभिन्न अंग रहेको जस्तै अभिव्यक्ति दिएका थिए। भारत हाम्रो सवै भन्दै नजिकको परोसी राष्ट्र हो। आत्मसम्मान स्वाधिनता र सौर्भमसत्ता कायम राख्नुको साटो मधेश प्रति भारतलाई शंका रहे जस्तै अभिव्यक्ति दिएका थिए। हुनत आफ्नो खुशियालीमा सहभागी हुन महावाणिज्य दुताबासले ती जनप्रतिनिधिहरुलाई बोलाएका थिए। शुभकामना दिने अवसर पनि दिइयो तर, जुन प्रकारले आत्मसर्म्पण देखियो त्यसले आफैमा समृद्ध हुने छाटकाट देखिएन् ।नेपाल लाई भारतले अनुदान स्वरुप करिव साढे ५ सय करोड भारु रुपैयाँ सहयोग गर्दै आएको छ। जसको अधिकांश राशी पहाड र हिमालमा खर्च गर्दै आएका छन्। बर्ष भरिमा एउटा विद्यालय वा एम्वुलेन्स र स्कुल बस मात्रै भार तले मधेशलाई सहयोग गर्दै आएको छ। मुलुककै मुटु मानिने मधेश प्रदेशका कृषि क्षेत्रमा भारतले सहयोग गर्दा त्यसवाट जनता प्रत्यक्ष लाभान्वित हुने थियो तर, सस्तो योजना दिएर मधेशलाई आफ्नो बर्चस्व स्थल बनाएर राखेका छन्। ती जनप्रतिनिधिहरुलाई एउटा मात्रै लोभ हुन्छ कि कुनै विद्यार्थीलाई स्कलर शीप दिलाइदिने कि ? त्यसकोलागि आत्मसर्म्पणनै गर्नु कतिको जायज हो। हो परोसी मुलुक संग सम्वन्ध सुमधुर हुनु पर्छ तर, आत्मसर्म्पण गरेर आफ्नो सर्भमसत्ताको समेत ख्याल नराख्नु दुःखद र निन्दनीय हो। आगामी दिनमा जनप्रतिनिधिहरुले त्यसको ख्याल राख्नु पर्छ। हामी भारतको परोसी मुलुकका जनता हौं भनेर अनुभूति गरेर आफ्नो मनतव्य दिँदा मुलुकको समेत शाख बढ्ने हुन्छ। भारतले मधेशलाई देख्ने दृष्टिकोण समेत फरक गर्नु पर्छ। भारत सरकारले दिने अनुदानको अधिकांश रकम अन्य क्षेत्रमा खर्च गरेर मधेशलाई आफ्नो विर्ता बुझ्नु भोलीकालागि घातक नहोस।

# वागेश्वरधामका कथावाचक धीरेन्द्रकृष्ण शास्त्री नेपाल आउँदै



डा. रामसागर पंडित

समय समयमा प्रत्येक क्षेत्रमा केही विशेष गुण लिएर आएका मानिसहरू भेटिन्छन्। हिन्दू धर्ममा विभिन्न कालखण्डमा विभिन्न धर्मगुरुहरू जन्मिए। अहिले त्यसैमध्येका धार्मिक कथा वाचकका रूपमा उदाएका धीरेन्द्रकृष्ण शास्त्रीलाई लिइन्छ। वहाँ वेदलाई आधार लिएर अगाडि बढ्नु भएको छ। हिन्दूहरूका आदिकालदेखि चलिआएको धर्मलाई सनातन धर्म भनिन्छ। पं. शास्त्री आफूलाई मात्र सनातनी भन्नुहुन्न, प्रत्येक हिन्दूलाई सनातनी भन्नुहुन्छ। विश्वको पुराना बाङ्मयको नाम लिँदा वेदको स्थान अग्रपंक्तिमा आउँछ। हाम्रो कला, संस्कृति, साहित्य अध्ययनका लागि वेदको स्थान सबैभन्दा उच्च रहेछ। यसै संस्कृतिलाई वैदिक संस्कृति भनिन्छ। वेदलाई मान्नेहरूका के भनाइ छ भने वेद स्वयं ईश्वरबाट रचित ग्रन्थ हो।यसमा विवादको ठाउँ छैन। यसै वेदबाट पछि हिन्दूका अध्येताहरूले विभिन्न शास्त्रहरू लेख्दै अगाडि बढेको देखिन्छ। उदाहरणको रूपमा त्रेतामा रामायण र द्वापरमा महाभारतलाई प्रमुख ग्रन्थका रूपमा लिन सकिन्छ।


यसै ग्रन्थहरूलाई आधार मानी वहाँ आफूलाई सनातनी मान्नु हुन्छ। वहाँ धार्मिक कथावाचकको रूपमा भर्खर उदाएका भएपनि हिन्दू समाज बीच निकै ठूलो स्थान पाउनु भएको छ। वहाँ अहिले अति लोकप्रीय कथावाचकको रूपमा प्रसिद्धि पाउनु भएको छ। विश्वका विद्वानहरू दुई भागमा विभक्त छन्। पहिलो समूह अध्यात्मवादमाथि जोड दिन्छ भने दोश्रो वर्गका विद्वानहरू भौतिकवादमाथि। विश्वमा अध्यात्मबाट अहिले पनि प्रमुख स्थान पाएर अगाडि बढेको देखिन्छ। प्रत्येक मानिस कुनै न कुनै धर्म संस्कृतिसँग जोडिएको हुन्छ। जो धर्मसँग जोडिएको हुन्छ त्यसलाई आस्तिक र धर्म नमान्नेलाई नास्तिक भनिन्छ। हिन्दू जस्तै अन्य धार्मिक समूहहरू पनि आ-आफ्ना धर्मलाई मानेर अगाडि बढेका छन्। उदाहरणको रूपमा बौद्ध, मुस्लिम, क्रिश्चियन आदि। प्रत्येक धर्ममा समय-समयमा यस्ता कथावाचक जन्मिरहेका हुन्छन्।

मध्य प्रदेशको छतरपुर जिल्लामा रहेको खजुराहो मन्दिरमा पुजारी हुँदै कथावाचकको रूपमा वहाँलाई चिनिएका हुन्। वहाँ शास्त्रीय रूपले भविष्यवाणी पनि गर्नुहुन्छ। वहाँ कमै उमेरमा निकै उँचाइ पाउनु भएका कथावाचक मध्येका एक हुनुहुन्छ। वहाँको उमेर मर्खर २७ लागेको छ। वहाँ आफ्ना हजुरबुवा सैतुलाल गर्गको प्रेरणाबाट यहाँसम्म आइपुग्नु भएको छ। वहाँको हजुरबुवा खुजुराहो स्थित प्राचीन शिव मन्दिरमा पुजारी हुनुहुन्थ्यो। वहाँ आधुनिक मिडिया उपयोग गरी आफूलाई धेरै मानिस समक्ष पुऱ्याउन सफलता पाउनु भएको हो। अहिले राजनीतिक दलका नेता तथा सरकारका मन्त्रीहरू समेत वहाँकहाँ पुगेका देखेर मानिसहरूका बीच निकै लोकप्रिय हुनुभएको छ। वहाँबारे भारतमा मात्र होइन देशविदेशमा पनि चर्चा परिचर्चा चलेको हेर्न पाइन्छ। वहाँ देशभित्रैबाट मात्र होइन विदेशबाट समेत कथावाचन गरिदिन आग्रह आइरहन्छन्। यस्तै प्रसिद्धिबाट प्रभावित भएर नेपालका अग्रणी व्यापारिक वरूण चौधरीको निमन्त्रणामा वहाँ नेपाल आउन लाग्नुभएको हो। वहाँ चौधरी ग्रुप एवं सी.जी. कर्प ग्लोबलका प्रबन्ध निर्देशक हुनुहुन्छ। चौधरी ग्रुपद्वारा संचालित पूर्वी नवलपरासीको दुम्कौली स्थित शाश्वतधाममा वहाँ कथा वाचन गर्नु हुनेछ। शाश्वतधामका स्रोत अनुसार वहाँ भदौ २, ३ र ४ गतेमा हनुमन्त कथावाचन गर्नु हुनेछ। वहाँ भदौ १ मा नेपाल आएर काठमाण्डूमा पशुपतिको दर्शन पश्चात नवलपुर पुग्ने योजना बनाउनु भएको छ।

वहाँको कथावाचन अवधिभर सुरक्षाको पोख्ता इन्तजाम गरिएको छ। वहाँको टीममा ५० देखि ६० जनासम्म रहने अनुमान छ। शाश्वतधामका स्रोतले भने अनुसार ११ हजार जना अटाउने स्टेज तयार भइ रहेको छ। प्रत्यक्ष उपस्थित नहुने दर्शकका लागि सामाजिक सञ्जाल तथा डिजिटल डिस्पले मार्फत कथा सुन्न सक्ने व्यवस्था मिलाइएको छ। वहाँ आफूलाई हिन्दू सनातनी मन्नुहुन्छ। वहाँले हिन्दूका सनातनी वेदलाई आधार बनाइ प्रत्येक रोग तथा मानसिक अवस्था कमजोर रहेका लागि भगवान सावित हुनुभएको छ। वहाँको मुख्य मिशन के हो भने भारतलाई हिन्दू राष्ट्र बनाइ छाड्छु। वहाँ यसबारे प्रत्येक सभामा दोहराइ रहनुहुन्छ। यसलाई लिएर भारतीय जनता पार्टी बाहेकका पार्टीहरू वहाँको विरोधमा समेत केही आवाज उठाएको देखिन्छ। उनीहरूका के तर्क छ भने यस्ता कुरा सार्वजनिक रूपले बोल्नु भारतीय संविधानको पूर्णरुपेण बर्खिलाप हो। हाम्रो संविधानले धर्म निरपेक्षताको मान्यतामा अगाडि बढेको छ। तर शास्त्रीजी के भन्नुहुन्छ भने भारत एउटा लोकतान्त्रिक देश हो। यहाँ आफ्ना मनका कुरा राख्न सबैलाई छुट छ। हिन्दुस्तान यस्तो देश हो जहाँ मुस्लिम तथा क्रिश्चियनहरू शासन गरिसकेका छन्। अहिले धर्मनिरपेक्षको आधार बोकेर शासन गरिरहेका छन्। वहाँको भनाइमा हिन्दूहरूमा मात्र यस्तो सहिष्णुता हुन्छ जो सबैलाई मिलाएर अगाडि बढ्न चाहन्छ।

अब रह्यो कुरा नेपालको। वर्तमान समयमा नेपाल पनि धर्मनिरपेक्षतालाई स्वीकार गरेर अगाडि बढेको छ। मानिसहरूका के शंका छ भने कथावाचक धीरेन्द्रकृष्ण शास्त्री नेपालमा पनि हिन्दूधर्मको आवाज उठाउनुभयो भने के हुन्छ ? केही हुँदैन किनभने नेपाल एउटा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली अपनाएको देश हो। यहाँ हरेक धर्मालम्बीहरूलाई आ-आफ्ना धर्मबारे बोल्ने छूट छ। यस्ता घटनाहरू पहिले पनि घटिसकेका छन्। आजभन्दा २-३ साल पहिले सप्तरीमा भारतका प्रसिद्ध मौलानाहरूलाई बोलाएर मुस्लिम धर्मबारे खुल्लम खुल्ला बहस चलाएकै थिए। केही गाँइगुँइ हुँदा पनि आफै सेलाएर गए। लुम्बिनीमा विश्वका बौद्धगुरुहरू आएर बुद्धधर्मको बारेमा आ-आफ्ना मनमा लागेका कुराहरू बोलेकै छन्। उनीहरू जे देखे बुझे बोलेर गए। मान्नु नमान्नु हाम्रो काम हो। कथावाचकहरूद्वारा उपदेश दिँदैमा केही भएको देखिँदैन। नेपालका मानिसहरू समेत आ-आफ्ना धर्मबारे वकालत गरेकै छन्। यहाँका केही पार्टीहरू समेत हिन्दूराष्ट्रको माँग त गरेकै छन्। जनतन्त्रमा यस्तो विलक्षण गुण हुन्छन् जस्ले देशलाई मजबूत बनाएको हुन्छ।

कतिको के भनाइ छ भने उहाँ धार्मिक अन्धविश्वास तथा विद्वेष फैलाउने काम गर्नुहुन्छ। उहाँले हिंसा भड्काउने घृणास्पद अभिव्यक्ति दिदै



आउनुभएको छ। शास्त्रीले भारतलाई हिन्दूराष्ट्र बनाउनु पर्ने सार्वजनिक माँग गर्दै आउनु भएको छ। सबै हिन्दूलाई एक हुन र धर्म रक्षाका लागी हथियार समेत उठाउन उहाँले सार्वजनिक अपिल नै गर्नुहुन्छ। आफ्ना जिउज्यानका रक्षाका लागी हतियार बोक्ने सल्लाह दिनुहुन्छ। यहाँ त मुस्लिमहरूको धार्मिक जुलुसमा विभिन्न किसिमका हातहतियारले लैशभइ सहरमा घुम्दा ठीक र हिन्दूले आफ्ना आत्मरक्षाका लागि साधारण हाथहतियार राख्नु बेठीक कसरी हुन सक्छ ? वहाँको तर्क छ।

रोगलाई उपचार गर्ने विभिन्न पदद्धिहरू हुन्छन्। उदाहरणको रूपमा एलोपैथिक, आयुर्वेदिक, होमियोपैथिक, चुम्वकीय, प्राकृतिक आदि इत्यादिलाई लिन सकिन्छ। यस्तै हाम्रा शास्त्रमा तन्त्रमन्त्र विधिको प्रयोगद्वारा पनि रोग निको गरेका शास्त्रीय प्रमाण छन्। हाम्रा ऋषिमुनिहरूले तपस्याको बलमा जस्तोसुकै दुःख तकलिफलाई निको पारेको अनेकौ उदाहरण छन्। अहिले पनि भारत नेपालमा आ-आफ्ना तपोवलमा भविष्यवाणी गर्ने अनेकौ गुरुहरू छन्। जसले अध्यात्मवादलाई जिवन्तता प्रदान गरेका छन्। कति नेपाली विद्वानहरूका दृष्टिमा भारतीय जनता पार्टीको अतिवादी हिन्दुत्वको मीशनलाई छिमेकमा पनि प्रचार प्रसार गर्ने टिप्पणी गर्छन्। भारतले भन्दैमा नेपालमा हिन्दू राष्ट्र आइहाल्छ भने होइन। उत्तरप्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगी कति चोटी हिन्दू राष्ट्रको बारे चर्चा गरिसक्नु भएको छ। खोइ प्रभाव परेको !

कुनै देशलाई प्रभावमा ल्याउन त्यहाँका जनताद्वारा नै हुनसक्छ। अरुले भने वितिकै हुने भएको भए अहिलेको लोकतान्त्रिक व्यवस्था नै आउने थिएन। वहाँमाथि बालाजी हनुमानको कृपा परेको कारणले हजारौंका बीचबाट निश्चित मानिसलाई छनौट गरेर उनलाई परेका समस्या कागजमा लेखेर बताइ दिने तथा समाधानका लागि निश्चित पूजा पाठको तरिका समेत बताउने गर्नुहुन्छ। भारतीय मिडियाहरू वहाँबारे विभिन्न कोणबाट पत्ता लगाउने कोसिस गरेपनि असफल भएका छन्। वहाँले आफूलाई कुनै चमत्कारिक व्यक्ति भन्नुहुन्न। वहाँको भनाइ अनुसार म जे बताउँछु त्यो बालाजीको कृपाले हो।

अहिले जे जस्ता आरोप प्रत्यारोप लगाए पनि वहाँको काम देखेर सबैका सबै आश्चर्यचकित छन्। वहाँमा कुनै दैवीय शक्ति जागेको हो कि जसले गर्दा मानिसको भूत, वर्तमान र भविष्य समेतको भविष्यवाणी गर्न सक्नु हुन्छ। वहाँलाई सरकारले सुरक्षाको पोख्ता इन्तजाम गरेर सुरक्षा प्रदान गरेको छ। यदि त्यस्तो नगरेको भए वहाँको प्रवचन कार्यक्रम जनताको भीड्भाडमा जे पनि हुनसक्थ्यो। कतिपय मानिस के विश्वास गर्छन् भने धीरेन्द्रकृष्ण शास्त्री आडम्बरी बाहेक अरु केही होइन। अब यस्ता प्रश्नको जवाव दिन हजारौं लाखौं मानिसहरूलाई आफ्नो समर्थक बनाइ सक्नुभएको छ। वहाँबारे जथाभावी बोल्दा वहाँका शिष्यहरू नै लड्न थाल्छन्।

भारत एउटा यस्तो देश हो जहाँ हामी सजिलैपूर्वक सबै कुरा पाउन सक्छौं। यहाँ विभिन्नतामा एकता देखिन्छ। मानिसमा राष्ट्रप्रेमको भावना अंग अंगमा समाएको देखिन्छ। यहाँ जस्तो सुकै पद्धति आयो भने विभिन्न ऐंगलबाट हेरेर मात्र स्वीकृति दिने परम्परा रहेछ। वहाँप्रति कतिपय विद्वानहरू नकारात्मक सोच राख्नुहुन्छ। यो गलत कुरा हो। यदि वहाँ राष्ट्रद्रोही हुनुहुन्छ भने भारतीय सरकार किन जेलमा हालेन त ! नबुझेर हल्ला मचाउनु विल्कुल ठीक होइन।

निष्कर्ष तिर जाँदा कुनै मुस्लिम देशमा हिन्दूको के हविगत छ भने कुरातिर पनि ध्यान जानु पर्छ। हाम्रो देश सहिष्णुतामा अडेको देश हो। यहाँ सबै धर्मालम्बीहरू मिलेर बसेका छन्। विभिन्न धर्मालम्बीहरू आ-आफ्ना धर्मगुरुहरूलाई ल्याएर उपदेश लिने काम गर्दै आएका छन्। नेपाल भारतको बीचमा रहेको घनिष्ट सम्बन्धले गर्दा धेरै नेपाली सन्तमहन्थहरू भारतका मठमन्दिरमा तथा भारतका साधुसन्तहरू नेपालका विभिन्न मठमन्दिरहरूमा स्थान पाएका छन्। यस्तो सुमधुर सम्बन्ध अन्य देशसँग रहेको देखिँदैन।

लोकतान्त्रिक व्यवस्था यस्तो व्यवस्था हो जहाँ प्रत्येक धर्म, जाति, वर्ग, समूहका मानिसहरू ठाउँ पाएका हुन्छन्। यत्रो उदार व्यवस्थामा एउटा भारतीय कथावाचकबाट डराउने कुरो के छ र ! एउटा मान्छेको सबै व्यवहार हुबहु अर्कोसँग मिल्दैन तर राष्ट्रको मामलामा साझा धारणा बनाउनै पर्छ। राष्ट्र भनेको सबैका साझा घर हो। यसलाई सुरक्षित राख्नु हामी सबैको साझा दायित्व पनि हो। हामीले जे गर्छौं, राष्ट्रहीतलाई अगाडि राखेर गर्नुपर्छ, होइन भने भोलि हाम्रो अस्तित्व कता जान्छ ठेगान हुँदैन। अतः बागेश्वर धामका कथावाचक धीरेन्द्रकृष्ण शास्त्रीसँग डर्नु पर्ने छुरो छैन। वरु वहाँमा भएका गुणहरूबाट लाभ लिने काम गरौं। जहिले पनि सकारात्मक सोच राखौं। इतिश्री।

# मल्टिपल स्क्लेरोसिसः अनभिज्ञताले बल्झाउन सक्ने रोग



डा अविनाश चन्द्र

मल्टिपल स्क्लेरोसिसलाई छोटकरीमा (एमएस) भन्ने गरिन्छ। यो एकप्रकारको नसासम्बन्धी रोग हो र यसले हाम्रो मस्तिष्कलाई हानी पुऱ्याउँछ। एमएसको शाब्दिक अर्थ मल्टिपल (धेरै), स्क्लेरा (खाटा) अर्थात यस रोगले नसामा धेरै खाटाहरू उत्पन्न गराउँदछ। उदाहरणका लागि छालाम कतै घाउ आएमा घाउ पुरिएपछि घाउको खाटा देखिन्छ। त्यसैप्रकार मस्तिष्कका नशामा यस रोगले एक किसिमको घाउ उत्पन्न गराउँदछ र घाउ पुरिएर खाटा पर्ने गर्दछ।

**मल्टिपल स्क्लेरोसिस हुनुका कारण**

हाम्रो शरीरमा रोग प्रतिरक्षा प्रणालीले बाह्य कीटाणु, जीवाणु तथा अन्य कुराहरूबाट बचाउने गर्दछ। यसको कार्य निरन्तर जारी रहनुपर्दछ र यसमा केहि गडबडी भएमा प्रतिरक्षाजन्य रोगहरू लाग्दछ। जसमध्ये एमएस प्रमुख हो।

**इतिहास पल्टाउदा**

प्राध्यापक डा मर्रेद्वारा लिखित ' मल्टिपल स्क्लेरोसिसः द हिस्टोरी अफ डिजिज' अनुसार यो रोग सबभन्दा पहिले हल्याण्डका लिडविना भन्ने महिलामा देखिएको थियो। १६ वर्षको उमेरमा (सन् १३९५) लिडविनाको दृष्टिमा कमजोरी र हातमा लाटोपन देखिएको थियो। यस रोगले ग्रस्त पारेर सन् १४३३ मा उनको देहान्त भएको थियो। यस रोगको बारेमा व्यापकता नशारोग विशेषज्ञ डा जेन मार्टिन चार्कोटले दिएका थिए। उनले यस रोगको विभिन्न लक्षणको बारेमा पनि कुरा गरेका थिए। सन १९७७ मा डा लरेन्स ज्याक्सले बफेलो सिटी न्यूयोर्क, अमेरिका (जहाँबाट यस लेखका लेखकले पढ्ने मौका पाएका थिए) ले यस रोगको औपचारिक औषधि इन्टरफेरोन पत्ता लगाएका थिए।

**यो रोग कसलाई लाग्न सक्दछ ?**

एमएस जुनसुकै उमेर वा लिङ्गका व्यक्तिलाई लाग्न सक्छ तर सबैभन्दा बढी २० वर्षदेखि ४० वर्षसम्मका व्यक्तिमा देखिएको छ। यो रोग पुरुषको तुलनामा महिलामा दुईदेखि तीन गुणासम्म बढी देखिएको छ। त्यसै गरी उर्वर उमेरका व्यक्तिमा यस रोगले विकलाङ्गतापर निर्भरता निम्त्याउँछ।

**यस रोगका लक्षणहरूः**

यस रोगमा विभिन्न लक्षणहरू देखिन सक्छन्। जसमध्ये सबैभन्दा बढी देखिनेः



अत्यधिक थकान, हिडडुलमा समस्या, दृष्टिमा समस्या (धमिलो देख्ने), हातखुट्टा र शरीरका अन्य भागमा झमझम वा लाटो हुनु, मांसपेशीमा ऐठन हुनु, मांसपेशी कडापन हुनु, शरीरको संतुलन र समन्वयमा समस्या हुनु, दुखाइ (मांसपेशी वा नशाको दुखाइ) हरू पनि देखिएको छ। त्यस्तै पिशाबमा गडबडी (पिसाब रोक्न गाह्रो हुने, आदि) पनि निकै धेरै देखिन्छ।

**रोकथामका उपाय**

एमएस पूर्णतया रोकथाम गर्न नसकिने रोग भएपनि यसको रोकथामका लागि धेरै शोधहरू भएका छन्। शोधले शरीरिक तौलको सन्तुलन, भिटामिनको उचित मात्रा (जस्तै भिटामिन डी), शारीरिक व्यायामले यसको रोकथाममा सहयोग गर्दछ। व्यायाम गर्ने व्यक्तिहरूमा एमएस लगभग ३१ प्रतिशतले कम हुँदो रहेछ। रोग लागिसकेपछिका औषधीहरू प्रायः जसो रोग प्रतिरक्षा प्रणालीमा काम गर्दछ। अहिलेसम्म यस रोगको पूर्णतया उपचार, निर्मुलीकरण गर्न सकिएको छैन। यसको उपचार विभिन्न अवस्थामा विभिन्न तरिकाका औषधीहरूबाट गरिन्छ। उपचारका लक्ष्यहरू एमएस रोगको पुनरावृत्तिलाई रोक्नका लागि, एमएस को लक्षणले गरेको क्षतिलाई न्यूनीकरणका लागि हुन्छन्। अहिले विभिन्न किसिमका औषधीहरू उपलब्ध भएका छन्। इन्टरफेरोन भन्ने औषधी सुईको माध्यमबाट लगाइने प्रमुख औषधी मानिन्छ।

**एमएस रोग लागेकाले के गर्ने ?**

*यस रोगले गर्ने असरलाई कम गर्न केही सुझावहरू अपनाउन सकिन्छः*

*जीवनशैलीमा परिवर्तन*

*स्वस्थ्य र सफा खानेकुरा*

*आफूलाई निरन्तर व्यायाम गर्न अभिप्रेरित गर्ने*

*निद्रा र खानपिनलाई प्राथमिकता दिनुपर्ने (अनिद्राको अवस्थाले पनि यो रोग बल्झाउन सक्छ)*

*नेपाल मल्टिपल स्क्लेरोसिस सोसाइटीले के गर्दछ?*

यो एउटा साझा अवधारणा लिएर बनाइएको संस्था हो। यस संस्थाले एमएस रोगको विषयमा सही जानकारी र अपडेटहरू जानकारी गराउँदछ। यस संस्थाले यो रोगको जानकारी गराउनुको साथै रोग लागिसकेका व्यक्तिको हकहित तथा अधिकार संरक्षणका लागि पनि काम गर्दछ। हामीलाई थाहा छ र हामी बुझ्दछौं कि यो रोग लागिसकेपछि जीवन कस्तो हुन्छ। हामी तपाईंहरूसँगै छौं।

*(लेखक मल्टिपल स्क्लेरोसिसका विशेषज्ञ डाक्टर हुन्।)*

# स्वदेशमै अवसर खोजौं, विदेश जानेबित्तिकै सबै कुरा प्राप्त गर्न सकिन्नः अर्थमन्त्री डा महत




काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले उद्यमशीलता विकासको अवसर विदेशमा भन्दा स्वदेशमै रहेको र यसको नेतृत्व युवाले गर्नुपर्ने बताउनुभएको छ । राष्ट्र निर्माण मञ्च नेपाल र उद्यमशील युवा सिर्जनशील युवा राष्ट्रिय अभियानले बुधबार काठमाण्डुमा आयोजना गरेको 'इन्टरप्रेनसीप मोटिभेसन कन्क्लेभ'लाई सम्बोधन गर्नुहुँदै उहाँले विदेश जाने वित्तिकै सबै कुरा प्राप्त गर्न सकिन्छ भन्ने भ्रमबाट युवाहरूलाई मुक्त गर्न जरुरी छ भन्नुभयो ।

"हामीकहाँ विकास हुनबाँकी छ । यसकारण यहाँ अवसर प्रशस्त छ । विदेशमा सबै भौतिक सुविधा हुँदा पनि त्यहाँ खुसी छैन, बाहिरबाट सबै सुविधा देखिए पनि भित्र खोक्रो छ", अर्थमन्त्री डा महतले भन्नुभयो,"अवसर हेर्ने सुक्ष्म आँखा चाहियो यही अवसर खोज्नेलाई सरकारले अनुदान, सस्तो ऋण, करछुट लगायतका सुविधा दिइरहेको छ । अहिले युवाहरूमा विदेश गएन भने आफ्नो हैसियत सानो र कमजोर भएको भन्ने गलत सोचाई हाबीहुँदै गएको छ, जुन चिन्ताको विषय हो ।"

अर्थमन्त्री डा महतले मुलुकको अर्थतन्त्र लयमा फर्किएको र आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सकारात्मक सोच राख्नुपर्छ भन्नुभयो । उहाँले विदेशमा आर्जित पुँजी र सीप नेपालमा प्रयोग गर्न जोड दिनुभयो । अहिले पर्यटन क्षेत्र सुधार हुँदै गएको र सूचना प्रविधिका क्षेत्रमा पनि नेपालको राम्रो सम्भावना देखिन थालेको बाताउनुभयो ।

चालु आर्थिक वर्षको बजेटबाट सरकारले सूचना प्रविधि क्षेत्रको सेवा निर्यातका लागि सहजीकरण गरेको उहाँले बताउनुभयो । अहिले प्रविधिको प्रयोगले बजारीकरण गर्न सजिलो भएको उहाँको भनाइ छ । आर्थिक विकास, उद्यमशीलता र रोजगारी अवसर र चुनौती शीर्षकको पहिलो सत्रमा पूर्व अर्थमन्त्री डा युवराज खतिवडाले उद्यमशीलता भनेको व्यक्तिको क्षमतामा निहित हुने र त्यस्तो क्षमता सिकाइमा भर पर्ने बताउनुभयो । उद्यमशीलता विकासका लागि व्यक्तिको क्षमता विकास महत्वपूर्ण हुने उहाँको भनाइ छ । उद्यमशीलता प्रवर्द्धनका लागि सरकारले लिएका नीति र योजनाको लाभ युवाले पाउन नसकेको पनि पूर्व अर्थमन्त्री खतिवडाले उल्लेख गर्नुभयो ।

सोही कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) किरणकुमार श्रेष्ठले युवा लक्षित उद्यमशीलता कार्यक्रमका लागि बैंकिङ क्षेत्रले १० प्रकारका सहुलियतपूर्ण कर्जा उपलब्ध गराइरहेको बताउनुभयो । महिला उद्यमशीलता, शैक्षिक प्रमाणपत्र धितो कर्जालगायत बिना धितो कर्जाका कार्यक्रम सञ्चालन भइरहेकोमा त्यसको लाभ युवाहरूले लिनसक्नुपर्छ भन्नुभयो । उद्यमशीलता लक्षित कर्जा कार्यक्रमको उपलब्धि लक्ष्य अनुरुप नदेखिएको उहाँको भनाइ थियो । रासस

# सामाजिक सुरक्षा योजनालाई एकीकृत र सघनरूपमा सञ्चालन गरिनेछ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले अर्थतन्त्रको विकासमा अपेक्षित प्रतिफल प्राप्त गर्न सामाजिक सुरक्षा योजनालाई एकीकृत अवधारणाअन्तर्गत समाहित गर्दै सघन अभियानका रूपमा सञ्चालन गरिने बताउनुभएको छ ।

सामाजिक सुरक्षा कोषद्वारा बुधबार यहाँ आयोजित अनौपचारिक क्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगार मा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजनाको शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले उक्त योजनाको दिगोपनाका लागि विभिन्न सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई पनि योगदानमा आधारित बनाई यसमा देखिने दोहोरोपना हटाउन एकीकृत सामाजिक सुरक्षा संरचना तयार गरी गाभिँदै लगिने बताउनुभएको हो ।



कोषलाई राज्यको सामाजिक सुरक्षा योजना सञ्चालन गर्ने एकीकृत संरचनामार्फत अघि बढाउने गरी व्यवस्थित गर्नुपर्ने आवश्यकता औँल्याउँदै प्रधानमन्त्री दाहालले भन्नुभयो, "कोष समाजका उपेक्षित, उत्पीडित र अन्यायमा परेका श्रमिकलगायतका वर्गको संरक्षणका लागि महत्त्वपूर्ण संयन्त्र हो ।

यो संयन्त्रमा आन्तरिक उत्पादन चक्रलाई नै सक्रिय बनाई समग्र उत्पादकत्व अभिवृद्धि गराउन सक्ने क्षमता हुन्छ भने अर्कोतिर यस्तो कोषमा श्रमिकको भरोसाका आधार लुकेका हुन्छन् । अनौपचारिक क्षेत्रका श्रमिकले हात-पाखुरा चल्दासम्म श्रम गर्ने र नसक्ने भएपछि रित्तो हात घर फर्किनुपर्ने नियतिमा यो अभियानले सहयोग पुग्नेछ ।"

उहाँले समतामूलक न्यायपूर्ण समाजको स्थापनाका लागि भएका ऐतिहासिक सङ्घर्षका जगमा निर्मित नेपालको संविधानले श्रमिक वर्गको सामाजिक सुरक्षाको हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेकाले अन्यायमा परेका श्रमिकको अधिकार स्थापना गर्दै उनीहरूको सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न नसकेसम्म संविधानको कार्यान्वयन हुन नसक्ने स्पष्ट गर्नुभयो । श्रमिकहरू इतिहासका निर्माता र मुलुकको समृद्धिका संवाहक हुन् भन्ने तथ्यको मनन् गरेर नै सबै श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने अभियानअन्तर्गत वैदेशिक रोजगारीमा रहेका श्रमिकको सामाजिक सुरक्षा योजनालाई आफूले शुभारम्भ गरेको स्मरण गर्दै नयाँ शुभारम्भबाट अब नेपालमा सामाजिक सुरक्षाको दायराबाट कोही पनि बाहिर नहुने बताउनभुयो ।

यो योजनाअन्तर्गत अनौपचारिक क्षेत्रमा ४० लाखभन्दा बढी रहेका सबै श्रमिक मजदुरलाई सामाजिक सुरक्षा कार्यक्रममा क्रमशः सहभागी बनाइने सरकारको तयारी छ । नेपालको संविधानले परिकल्पना गरेको समतामूलक समाज तथा समाजवादोन्मुख राजनीतिक तथा आर्थिक प्रणाली स्थापनाका लागि श्रमिकको सामाजिक सुरक्षासहितको अधिकारको प्रत्याभूति अनिवार्य शर्त रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सामाजिक सुरक्षा सामान्य अवधारणामात्रै नभएर यसले नागरिकले बिनाभेदभाव शिक्षा, स्वास्थ्य, रोजगारी, अवसर, सहुलियत र सम्मान प्राप्त गर्ने वातावरण निर्माण गर्ने बताउनुभयो ।

सामाजिक सुरक्षालाई दिगो र व्यवस्थित बनाउन 'योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४' को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताउँदै उहाँले कोषमा आबद्ध हुने रोजगारदाता र श्रमिक योगदानमा आधारित सामाजिक सुरक्षाको लाभबाट बञ्चित नहोउन् भन्ने कुरा सुनिश्चित गर्न ऐनको कार्यान्वयनका लागि नियमनकारी निकाय परिचालन गरिने जानकारी दिनुभयो । औपचारिक क्षेत्रका सबै श्रमिकलाई अनिवार्यरूपमा कोषमा आबद्ध गराउने उद्देश्यले प्रतिष्ठानको दर्ता, नवीकरण, कर प्रणाली, खरिद प्रक्रियामा सहभागितालगायतका विषयमा नीतिगत समन्वयका लागि पहल गरिने उहाँको भनाइ छ । प्रधानमन्त्री दाहालले कोषको क्षमता अभिवृद्धि गरी यसको विश्वसनीयता र अपनत्व कायम गर्न सरकारी करार र ज्यालादारीमा रहेका श्रमिकलाई चरणबद्धरूपमा कोषमा आबद्ध गराउने कार्य सुरु गरिने र अनौपचारिक क्षेत्रका श्रमिकका हकमा समेत राज्यको सह-योगदानलाई कार्यान्वयनमा ल्याउने विषयमा सरकार गम्भीर रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो ।

श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले गरिबी निवारणलाई टेवा दिन र स्वदेशका श्रमबजारमा श्रमशक्तिको आकर्षण वृद्धिका लागि उक्त योजना प्रभावकारी रहेकाले यसलाई थप परिमार्जन र विस्तारसहित कार्यान्वयन गर्न सरकार तत्पर रहेको बताउनुभयो ।

नेपाल सरकारका मुख्यसचिव डा वैकुण्ठ अर्यालले सुरक्षा योजनामा आबद्ध हुने श्रमिकको क्षेत्र र सङ्ख्या बढेसँगै त्यसको अभिलेख र तथ्याङ्कीय व्यवस्थापनका लागि कोषले तयारी गर्नुपर्ने बताउनुभयो ।

संयुक्त श्रमिक समन्वय समिति (जेटियुसिसी)का अध्यक्ष विनोद श्रेष्ठले संविधान, कानुन र नीतिमा भएका श्रमिक अधिकारका विषयहरू व्यवहारतः लागू भएको अनुभूति हुनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा रोजगारदाता संस्था र अन्तर्राष्ट्रिय श्रम सङ्गठनका प्रतिनिधिको पनि सहभागिता रहेको थियो । रासस

# 'राज्यका अङ्गले जनताका पक्षमा काम गर्छन् भन्ने विश्वास दिलाउनुस्'

काठमाण्डु । महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षणको तयारीसम्बन्धी कामको जानकारी गराएको छ । बुधबार दिउँसो प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको बैठकमा कार्यालयका कार्यबाहक महालेखा परीक्षक महेश्वर काफ्लेले कार्यालयको वस्तुस्थिति र आगामी योजना एवं कार्यतालिकाबारे 'ब्रिफिङ' गर्नुभएको थियो ।

कार्यालयले तीन चरणको कार्यतालिका बनाएर देशभरका सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जानकारी गराएको छ । लेखापरीक्षणका लागि उपसचिवस्तरको अडिटर र अधिकृतस्तरका लेखापरीक्षक खटिने कार्यालयले जनाएको छ । छलफलमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकार सुशासन, वित्तीय अनुशासन र पारदर्शितामा गम्भीररूपमा लागेको बताउँदै राज्यका सबै अङ्गले जनताको विश्वास बुधबार्न गर्ने गरी काम गर्नुपर्ने बताउनुभयो ।

प्रधानमन्त्री दाहालले यो वर्ष सुशासन र पारदर्शिताका दृष्टिले महत्त्वपूर्ण वर्ष बनाउन आग्रह गर्दै सोका लागि सरकारले खेल्नुपर्ने भूमिकाप्रति आफू संवेदनशील रहेकोसमेत बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामी सामाजिक न्याय, सुशासन र समृद्धिको महान् अभियानमा छौँ । सुशासन, वित्तीय अनुशासन र पारदर्शिता त्यसका लागि महत्त्वपूर्ण शर्त हो । तर, आम जनतामा राज्य र राज्यका विभिन्न अङ्गप्रतिको विश्वास कमजोर भएको बेला छ । इमान्दारिता र पारदर्शिताको तह घटेर तल गएको छ । यो स्थितिलाई बदल्नैपर्छ । विश्वसनीयता कसरी कायम गर्ने, पारदर्शिता कसरी गराउने, सुशासन कसरी कायम गर्ने भन्नेबारे हामीले गम्भीररूपमा सोच्नुपर्दछ ।"

राज्यका अङ्ग जिम्मेवार नभई सुशासन, पारदर्शिता र जवाफदेहितामा अपेक्षित प्रगति हासिल गर्न नसकिने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले यो वर्ष विगतभन्दा प्रभावकारी लेखापरीक्षणको योजना बनाउनुपर्नेमा जोड दिनुभयो । रासस

# कांग्रेस नेता भण्डारीको सफल शल्यक्रिया

काठमाण्डु । नेपाली कांग्रेसका नेता तथा सांसद डा चन्द्र भण्डारीको सफल शल्यक्रिया गरिएको छ । करिब छ महिना पहिले बुद्धनगरस्थित आफ्नो घरको भान्साकोठामा ग्यास चुहिएका कारण लागेको आगालागीमा परी घाइते हुनुभएका उहाँको बुधबार कीर्तिपुरस्थित बर्न सेन्टरमा पाँच घण्टा लगाएर हात र पछाडिको भागको शल्यक्रिया गरिएको हो ।

अस्पतालका प्लाष्टिक सर्जन प्रा डा शङ्करमान राईले पूर्वनिर्धारित उपचार प्रक्रियाअनुसार नै उहाँको शल्यक्रिया गरिएको जानकारी दिनुभयो । उहाँको शल्यक्रियाका लागि क्यानडाबाट अमेरिकी मूलका चिकित्सक डा तिम स्प्रौलसमेत आफ्नै खर्चमा नेपाल आउनुभएको थियो ।

नेता डा भण्डारीको सर्जरीका लागि प्रा डा विडी झाको संयोजकत्वमा विशेषज्ञ टोली गठन गरी उपचार सर्जरी प्रक्रिया अगाडि बढाइएको थियो । विशेषज्ञ टोलीमा डा प्रदीपराज भण्डारी, डा तिम स्प्रौल, प्रा डा शङ्करमान राई, डा किरण नकर्मी, डा विशाल कार्की, डा अनुप सुवेदी, डा प्रविण गिरी, डा प्रज्वल श्रेष्ठ, नर्सिङ सुपरभाइजर सुष्मा डङ्गोल र ह्याण्ड थेरापिष्ट मोहनकृष्ण डङ्गोल रहनुभएको थियो ।

सांसद भण्डारी निकट कांग्रेस नेता माधव न्यौपानेले भण्डारीको पाँच घण्टा लगाएर सफल शल्यक्रिया सम्पन्न भएको र अहिले उहाँलाई होस् आएको बताउनुभयो । नेता भण्डारीलाई अहिले सघन उपचार कक्षमा राखिएको छ ।

गत फागुन ३ गते राति आगलागीमा पर्नुभएका सांसद डा भण्डारीको सुरुमा कीर्तिपुर बर्न सेन्टरमै उपचार गरी थप उपचार भारतको मुम्बइमा रहेको नेसनल बर्न सेन्टरमा गराइएको थियो । भारतमा ७३ दिन उपचार गराएर फर्किएपछि उहाँको गत वैशाख १९ गतेदेखि काठमाडौँको पुरानो बानेश्वरमा रहेको फ्रन्टलाइन अस्पतालमा उपचार भइरहेको थियो । रासस

# रास्वपा र राजदूत सोङबीच भेट

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र नेपालका लागि चिनियाँ राजदूत छन् सोङबीच भेटवार्ता भएको छ ।

उहाँहरूबीच बुधबार वनस्थलीस्थित रास्वपाको पार्टी कार्यालयमा भेटवार्ता भएको हो । प्रतिनिधिसभा सदस्य एवं पार्टीका अन्तर राष्ट्रिय सम्बन्ध विभाग प्रमुख शिशिर खनाल र केन्द्रीय सदस्य लिमा अधिकारीलगायतको वार्तामा सहभागिता रहेको केन्द्रीय सदस्य प्रतिभा रावलले जानकारी दिनुभयो ।

त्यसअवसरमा नेपाल र चीनबीच आपसी चासोका विषयमाथि छलफल भएको थियो । मुलुकको आर्थिक विकास, सुशासन र ग्रामीण विकासका विषयमा पनि उहाँहरूबीच छलफल भएको थियो । राजदूत सोङले उत्तरी सीमा क्षेत्रमा भएको समस्याप्रति आफ्नो ध्यानाकर्षण भएको र सोबारे यथाशीघ्र समाधानका पहल गरिने बताउनुभयो ।सभापति लामिछानेले आफ्नो दल पनि एक चीन नीतिप्रति अडिग रहेको अवगत गराउनुभएको थियो । रासस

# सरकार सुशासनमा केन्द्रीत छ : सञ्चारमन्त्री शर्मा

देउखुरी । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकार सुशासनमा केन्द्रीत रहेको बताउनुभएको छ । प्रेस सेन्टर दाङले बुधबार घोराहीमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा उहाँले सरकारले सुशासन कायम गर्दै न्याय र समृद्धिका पक्षमा काम गरिरहेको बताउनुभयो ।



भ्रष्टचार, अनियमितताका विरुद्धमा लड्न सरकारलाई सबैको साथ र सहयोग आवश्यक पर्नेमा मन्त्री शर्माले जोड दिनुभयो । "सरकारले सुन तस्करी, भुटानी शरणनार्थीलगायत अन्य भ्रष्टचारका घटनामा अनुसन्धानलाई जसरी अगाडि बढाएको छ, यसमा सबैको साथ र सहयोग आवश्यक छ", उहाँले भन्नुभयो ।

सरकारका प्रवक्ता मन्त्री शर्माले यस्ता गम्भीर विषय सञ्चारमाध्यमले उजागर गरेकाले सरकारलाई थप अनुसन्धान गर्न सहयोग पुगेको भन्दै सम्पूर्ण सञ्चारमाध्यमको प्रशंसा गर्नुभयो । "भ्रष्टाचारको विषयमा सरकार गम्भिरतापूर्वक लागेको छ", उहाँले भन्नुभयो, "प्रधानमन्त्रीले घरभित्रको मान्छे भए पनि नछोड्ने भन्नुभएको छ । अनुसन्धान निष्कर्षमा पुऱ्याउने छौँ ।"

मन्त्री शर्माले अर्थतन्त्रमा आएको गिरावटका कारण दाङमा पूर्वाधार विकासका क्षेत्रमा पर्याप्त बजेटको व्यवस्था गर्न नसिकएको बताउनुभयो । सामाजिक सञ्जाल नियमनका लागि कानूबमोजिम निर्देशिका तयार गरिरहेको जनाउँदै उहाँले जिल्लाका पत्रकार तथा सरोकारवाला निकायलाई आवश्यक सल्लाह दिन आग्रह गर्नुभयो ।

जिल्लाको विकट क्षेत्रका रूपमा रहेको राजपुरको मुसिनाकामा टेलिकम सेवा विस्तारको तयारी भइरहेको उहाँले जानकारी दिनुभयो । घोराही-तुलसीपुर चार लेनको सडकको ठेक्का सहमतिमा रद्द गरिएको जनाउँदै उहाँले काम नगर्ने ठेकेदारसँग सहमति गरी उक्त ठेक्का रद्द गरिएको बताउनुभयो ।

मन्त्री शर्माका अनुसार उक्त सडक मर्मतको लागि काम अगाडि बढेको छ । नयाँ प्रक्रियाबाट सडक निर्माण अगाडि बढ्ने उहाँको भनाइ थियो । प्रेस सेन्टर दाङका अध्यक्ष पाण्डव शर्माको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण सचिव जनक नेपालीले गर्नुभएको थियो ।

स्थानीय सरकारले आन्तरिक आय बढाउने काममा ध्यान दिनुपर्छः मन्त्री शर्मा

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले स्थानीय सरकारले आन्तरिक आय बढाउन तर्फ ध्यान दिनुपर्ने बताउनुभएको छ ।

दाङको लमहीस्थित जैविक विविधता ग्रिनपार्कको अवलोकन गर्दै उहाँले स्थानीय सरकारले आन्तरिक आय बढाउन तर्फ पनि ध्यान दिनुपर्छ भन्नुभयो । उहाँले भन्नुभयो,"आन्तरिक आय बढेमा संघीय , प्रदेश सरकारसँग धेरै सहयोग लिइरहनु पर्दैन ।" उहाँले यस्ता उद्यान आम्दानीको स्रोत बन्नसक्ने जनाउँदै व्यवस्थित बनाएर व्यावसायिक रूपमा अगाडि बढाएमा आन्तरिक आम्दानी पनि बढ्ने बताउनुभयो ।

उद्यानबाट धेरै स्थानीय तहले राम्रो आम्दानी गरिरहेको जनाउँदै यस तर्फ सबै स्थानीय तहले ध्यान दिनुपर्ने उहाँको भनाइ थियो । उहाँले उद्यानलाई पर्यटकीयस्थल तथा विद्यार्थीको सिकाइ थलोका रूपमा पनि अगाडि बढाउन सकिने बताउनुभयो ।

उक्त उद्यान लमही नगरपालिका-५ बसपार्कदेखि उत्तर तर्फ रहेको छ । अजम्मरी सामुदायिक वन उपभोक्ता समूहद्वारा उद्यान सञ्चालनमा आएको वनका अध्यक्ष पवन शर्माले बताउनुभयो । सोही ठाउँमा ३० बिघा जग्गा छ । रासस


सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/०४/३२

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सहयोगी विकास बैंक लिमिटेड)को शाखा कार्यालय रामगोपालपुर, महोत्तरीबाट सिटिजन्स फास्ट ट्र्याक- आवधिक कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सोको हर्जाना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

**कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्र्याक-आवधिक कर्जा**
**ऋणीको नाम : प्रसान्त एण्ड सुसान्त कास्ट फर्निचर उद्योग**
रजिष्टर्ड ठेगाना : रामगोपालपुर न.पा. ०४, महोत्तरी
रजिष्ट्रेशन नं : ४७४३/३/०७४/०७५ (घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी, नेपाल)
पान नं : ६०७६२४७५१

**प्रोप्राईटर तथा जमानीकर्ताको नाम र ठेगाना**
**नाम : दिनेश ठाकुर बरही**
बाबु : राम पृत ठाकुर
बाजे : रौदी ठाकुर
पत्नी : जिबछी देवी
ठेगाना : रामगोपालपुर गा.वि.स. ०६, महोत्तरी
हाल : रामगोपालपुर न.पा. ०५, महोत्तरी
ना.प्र.नं. : २०८६५८६९
जारी मिति : २०६३/०१/१९
जि.प्र.का. : महोत्तरी

**जमानीकर्ताको नाम र ठेगाना**
**नाम : जिबछी देवी**
बाबु : रामसोगारथ ठाकुर
पति : दिनेश ठाकुर बरही
ससुरा : राम पृत ठाकुर
ठेगाना : रामगोपालपुर गा.वि.स. ०६, महोत्तरी
हाल : रामगोपालपुर न.पा. ०५, महोत्तरी
ना.प्र.नं. : ५१०/१८३०४३
जारी मिति : २०६३/११/१६
जि.प्र.का : महोत्तरी

**धितो राखिएको सम्पत्तिको विवरणः**
**धितो सुरक्षण धनीको नाम : दिनेश ठाकुर बरही**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (बि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|
| महोत्तरी | रामगोपालपुर | ६घ/१७३ | ५२१ | ०-१-१९ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| महोत्तरी | रामगोपालपुर | ४क/२९६ | १००८ | ०-१-११.५-० | |

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

# हवाई टापुको डढेलोमा ज्यान गुमाउनेको संख्या एक सय माथि



एपी

लहाइना । हवाई टापुको माउई जङ्गलमा लागेको डढेलो बस्तीसम्म फैलिँदा एक सय छ जनाको मृत्यु भएको छभने केयौँ घाइते भएका छन् । हवाईका गभर्नर जोस ग्रीनले मृतकको सङ्ख्या दोब्बर वा तेब्बरले बढ्नसक्ने बताउनुभएको छ । अघिल्लो मङ्गलबार वनबाट सल्केको डढेलोले लहाइनाका झण्डै १३ हजार घरमा क्षति भएको छ । बितेका एक सय वर्षमा यति भीषण एवं भयावह अवस्था अमेरिकी जनताले गर्नुपरेको थिएन । विपत्तिको चेतावनी दिने 'इमर्जेन्सी साइरन' नबज्दा जनधनको व्यापक क्षति भएको जनसाधारण क्रुद्ध भएका छन् । अस्थायी मुर्दाघर वरपर मृतकका अस्थिपञ्जरको सङ्कलन जारी छ ।

आगोले खरानी नपारेका भग्नावशेषमा मृतकको खोजी जारी छ । हरेक दिन १० देखि २० जनाको डढेको शरीर फेला पर्दैछ, त्यसैले मृतकको सङ्ख्या दुई सयभन्दा बढी हुनसक्ने अनुमान गरिएको खोजमा संलग्न एक जना अधिकारीले बताएका छन् । बाह्र हजार हवाईबासीको लहाइनामा आगोले सखाप नपारेको कुनै स्थान छैन । नगरको मध्यभागमा रहेको एक सय ५० वर्ष पुरानो वरको रुख डढेर कालो भएको छ भने सडक किनारमा लगाइएका अग्ला रुखका फल पनि डढेका छन् ।

डढेलोले हवाईका ग्रामीण क्षेत्रमा व्यापक क्षति भएको छभने भवनहरू ध्वस्त भएका छन्, अस्पतालहरू भत्किएका छन् र सयौँ विस्थापित भएका छन् । अधिकारीहरूले दुई हजार दुई सयभन्दा बढी भौतिक संरचना नष्ट भएका तथा पाँच अर्ब ५० करोडभन्दा अधिकको धनमाल नोक्सानी भएको बताउका छन् ।

लहाइनाका घर, पसल र व्यवसायको नामोनिशान छैन, सडक किनारमा राखिएका मोटर कार फलामका पातामा परिणत भएका छन्, टेलिफोनका खम्बा डढेर काला भएका छन्, पैदलयात्री मार्गको खरानी पन्साउँदै हिँड्नुपर्ने अवस्था छ, सबैतिर अग्निको विनाश नै विनाशमात्र देखिन्छ । डढेका पशुको दुर्गन्धले नाक छाप्दै सफाइ गर्नुपरेको छ । हवाई टापु शोकमा डुबेको छ ।

आगलागीबाट भएको क्षतिको पूर्ण विवरण सङ्कलन बाँकी छ । क्षति मूल्याङ्कन निकायका अधिकारीले परिस्थिति सहज हुने वित्तिकै क्षतिको मूल्याङ्कन गरिने बताएका छन् । आगालागी भएको स्थानको सरसफाइमा वारुणयन्त्रका कर्मचारीले पनि साथ दिइरहेका छन् । केही स्थानमा क्षतिको आकलन पनि थालिएको छ ।

गभर्नर ग्रीन नेतृत्वको टोली आज पनि आगलागी भएको स्थानमा पुगेको छ । सरसफाइका लागि जुटेकाहरूले तालिमप्राप्त कुकुरको सहायताले भग्नावशेषमा शवको पनि खोजी गरिरहेका छन् । प्रचण्ड गर्मीमा ठूलो विपत्ति बनेर आउने वन डढेलो टापुराज्य हवाईका निम्ति अभिषाप बनेको छ । दशकौँमा हुने यो प्राकृतिक विपत्तिमा सुनामीमा भन्दा धेरैले ज्यान गुमाएका छन् । सन् १९६० को सुनामीमा ६१ जनाको मृत्यु भएको थियो भने त्यसको १४ वर्षअघिको सुनामीमा भने एक सय ६० जनाले ज्यान गुमाएका थिए । त्यसपछि आपत्कालको सूचना दिन शहरबजारमा साइरन जडान गर्न थालियो तर यसपटक वनबाट फैलिएको आगोले माउईलाई जलाउँदा ती साइरन किन बजेनन् भन्ने प्रश्नको उत्तर हवाईका जनताले खोजिरहेका छन् । आगोमा ज्यान गुमाएकाहरूको डिएनए परीक्षण गरी परिवारलाई बुझाउन चुनौतीपूर्ण बनेको छ । चिकित्सकहरूले मासुको टुक्रा परीक्षणका निम्ति उठाउँदा त्यो खसेर अर्को निकाल्नुपर्ने दारुण स्थिति उत्पन्न भएको छ । द्रुत गतिमा डिएनए परीक्षण गर्न गभर्नर ग्रीनले निर्देशन दिनुभएको छ । हराएका ४१ जनाको खोजीका क्रममा उनीहरूका आफन्तको डिएनए नमूना सङ्कलन गरिएको छ ।

सिबीएस टेलिभिजनलाई मङ्गलबार दिनुभएको अन्तर्वार्तामा गभर्नर ग्रीनले खोजी तथा सरसफाइ पूरा गर्न कम्तीमा १० दिन लाग्ने बताउँदै दैनिक १० देखि २० जना मृतक भेटिएका जानकारी दिनुभएको छ । दश दिनमा नै काम पूरा हुन्छ भन्न सक्ने अवस्था नभएको उहाँले स्पष्ट गर्नुभएको छ । गभर्नर ग्रीनका अनुसार दर्जनौँ स्वयम्सेवक एवं कर्मचारीका साथै २० वटा तालिम प्राप्त कुकुरको सहायतामा खोजीलाई तीव्र गतिमा अघि बढाइएको छ । हराएका मानिसको सङ्ख्या दुई हजारको हाराहारीमा रहेकामा मोबाइल सेवा पुनः शुरु भएसँगै त्यो सङ्ख्या एक हजार तीन सयमा घटेको जानकारी उहाँले दिनुभएको छ ।

आगलागीबाट भएको वास्तविक क्षतिको विवरण सङ्कलन गर्न अरु केही समय लाग्ने गभर्नर ग्रीनले बताउनुभएको छ । पुनर्निर्माणका काम थाल्न समय लाग्ने तथा त्यो वर्षौंसम्म जारी रहने बताइएको छ । बाहिरी मानिसलाई पुनर्निर्माणका नाममा व्यावसायिक गतिविधि गर्न नदिइने पनि उहाँले बताउनुभएको छ । लहाइनाका स्थानीयको सहयोगमा पुनः स्थापना तथा पुनः निर्माणका काम शीघ्र अघि बढाउने योजना रहेको उहाँले बताउनुभयो ।

लहाइनाका वासिन्दालाई उनीहरुका घर तथा घरका भग्नावशेषमा फर्कन दिइएको छैन । आगोले जीर्णर र जर्जर पारेका बेचखुचेका भवन ढल्न सक्ने भन्दै अधिकारीहरूले लहाइनालाई निषेधित क्षेत्र घोषणा गरेको त्यहाँको सरसफाइ तथा पुनःस्थापनाका काममा आफूलाई केन्द्रित गरेका छन् । निषेधाज्ञाको पालना नगरेकामा एक जनालाई पक्राउ गरिएको मौवी काउन्टीका एक प्रहरी अधिकृतले बताएका छन् ।

> लहाइनाका घर, पसल र व्यवसायको नामोनिशान छैन, सडक किनारमा राखिएका मोटरकार फलामका पातामा परिणत भएका छन्, टेलिफोनका खम्बा डढेर काला भएका छन्, पैदलयात्री मार्गको खरानी पन्साउँदै हिँड्नुपर्ने अवस्था छ, सबैतिर अग्निको विनाश नै विनाशमात्र देखिन्छ । डढेका पशुको दुर्गन्धले नाक छाप्दै सफाइ गर्नुपरेको छ । हवाई टापु शोकमा डुबेको छ ।

# अस्ट्रेलियालाई हराउँदै इंग्ल्यान्ड फाइनलमा, उपाधिका लागि स्पेनसँग भिड्ने

एजेन्सी

काठमाण्डु । फिफा विश्वकप २०२३ को सह-आयोजक अस्ट्रेलियालाई पराजित गर्दै इंग्ल्यान्ड फाइनलमा पुगेको छ। इंग्ल्यान्ड महिला विश्वकपको फाइनलमा पुगेको यो पहिलो पटक हो।



यसअघि अर्को टिम स्पेन पनि पहिलो पटक फाइनलमा पुगेको थियो। अब आइतबार हुने स्पेन र इंग्ल्यान्डबीचको फाइनलपछि महिला विश्वकपले नयाँ च्याम्पियन पाउनेछ। बुधबार सिड्नीमा भएको दोस्रो सेमिफाइनलमा अस्ट्रेलियामाथि इंग्ल्यान्डले ३-१ गोलको जित निकाल्यो।

खेलको ३६ मिनेटमा इंग्ल्यान्डले अग्रता लियो। उसका लागि इला टोनीले गोल गरिन्। अस्ट्रेलिया खेलको ६३ मिनेटमा खेलमा फर्कियो। गोर्रीको पासमा केरले गोल गरेपछि अस्ट्रेलियाले खेलमा १-१ गोलको बराबरी गर्न सफल भएको थियो।

इंग्ल्यान्डले ७१ मिनेटमा खेलमा दोस्रो पटक अग्रता लिन सफल भयो। ब्राइटको पासमा लाउरा हेम्पले गोल गरेपछि इंग्ल्यान्ड २-१ गोलले अग्रता लियो। खेल सकिन चार मिनेट बाँकी छदा इंग्ल्यान्डले तेस्रो गोल गर्दै जिततर्फ अघि बढ्यो। इंग्ल्यान्डका लागि ८६ मिनेटमा एलिसिया रूसोले तेस्रो गोल गरिन्।

# बेन स्टोक्सको एकदिवसीय खेलबाट लिएको संन्यास फिर्ता



एजेन्सी

काठमाण्डु । इंग्ल्यान्डका अलराउन्डर बेन स्टोक्सले एकदिवसीय खेलबाट लिएको संन्यास फिर्ता लिएका छन्। जससँगै उनी न्युजिल्यान्ड विरुद्धको चार खेलको एकदिवसीय सिरिजको लागि टोलीमा परेका छन्। यससँगै क्रिकेट विश्वकप २०२३ अघि इंग्ल्यान्डलाई ठूलो राहत मिलेको छ।

इङ्ल्यान्डका प्रशिक्षक म्याथ्यु मोटले हालै टेस्ट टोलीका कप्तान स्टोक्सले एकदिवसीय खेलबाट संन्यासबाट फिर्ता लिने कुरा खुलासा गरेका थिए। यता तीव्र गतिका बलर जोफ्रा आर्चर अझै चोटबाट मुक्त नभएका टिममा समावेश छैनन्। आर्चरलाई विश्वकपका लागि टोलीमा राख्न इंग्लिस प्रशिक्षक इच्छुक छन्। न्यूजिल्यान्ड सिरिजका लागि इंग्ल्यान्डको टोलीः जोस बटलर (कप्तान), मोइन अली, गुस एटकिन्सन, जोनी बेयरस्टो, साम कुरान, लियाम लिभिङस्टोन, डेविड मलान, आदिल राशिद, जो रुट, जेसन रोय, बेन स्टोक्स, रिस टोपले, डेभिड विली, मार्क वुड, क्रिस वोक्स।

# मेसीको लगातार गोल, मायमी फाइनलमा

एजेन्सी

काठमाण्डु । इन्टर मायमी अमेरिकाको लिग्स कपको फाइनलमा पुगेको छ। बुधबार भएको सेमिफाइनलमा फिलाडेल्फियालाई ४-१ गोलले पराजित गर्दै मायमी फाइनलमा पुगेको हो।



मायमीका लागि जोसेफ मार्टिनेजले तेस्रो मिनेटमै गोल गरेका थिए। लिओनल मेसीले २० मिनेटमा मायमीको अग्रता दोब्बर पारे।

मेसीले मायमीका लागि लगातार ६ खेलमा गोल गर्न सफल भए। उनले ६ खेलमा ९ गोल गरिसकेका छन्।

जोर्डि अल्बाले पहिलो हाफको इन्जुरी टाइमको तेस्रो मिनेटमा मायमीका लागि तेस्रो गोल गरे। फिलाडेल्फियाका लागि बेडोयाले ७३ मिनेटमा गोल गरेका थिए। ८४ मिनेटमा डेभिड रुइजले मायमीका लागि चौथो गोल गरे। अब उपाधिका लागि मायमीले नासभिलसँग शनिबार खेल्नेछ।

# आर्थिक पुनः उत्थान 'कष्टप्रद', पश्चिमा आलोचकहरू 'गलत साबित हुनेछन्' : चीन

सिन्ह्वा

बेइजिङ । चीनले बुधबार आफ्नो आर्थिक पुनः उत्थान ' उथलपुथल पूर्ण र कष्टकर प्रक्रिया' हुने तर पश्चिमा आलोचकहरू 'निश्चित रूपमा गलत साबित हुने' बताएको छ । उत्थान प्रक्रियामा आवधिक समस्याहरूको प्रचार गरेका छन् । तर अन्ततः ती गलत साबित हुनेछन्," उहाँले भन्नुभयो ।

राष्ट्रिय तथ्याङ्क विभाग (एनबीएस) ले मङ्गलबार भनेको छ, "उपभोगको एक प्रमुख मापक खुद्रा बिक्री जुनको ३.१ प्रतिशतबाट घटेको छ र जुलाईमा २.५ प्रतिशतले वृद्धि भएको छ । यो विश्लेषकहरूको अपेक्षाभन्दा कम हो ।



अमेरिकी राष्ट्रपति जो बाइडेनले कोभिड-१९ पछि चीनको अस्त व्यस्तताप्रति चिन्ता व्यक्त गर्ने हालैका आँकडाले चीनको बढ्दो आर्थिक समस्याले चीनलाई 'टाइम बम' विस्फोट पहिलेको अवस्थामा पुऱ्याएको चीनको यो भनाइ आएको हो ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले नियमित पत्रकार सम्मेलनमा भन्नुभयो, "महामारी रोकथाम र नियन्त्रणको सहज सङ्क्रमणपछि चीनको आर्थिक पुनः उत्थान एक कष्टकर प्रक्रिया हो, जसले अनिवार्य रूपमा कठिनाइ र समस्याको सामना गर्नेछ ।"

"धेरै पश्चिमी राजनीतिज्ञ र सञ्चारमाध्यमले चीनको महामारीपछिको आर्थिक पुनः

एनबीएसले श्रम शक्ति सर्वेक्षणको तथ्याङ्कमा थप सुधार र अनुकुलनको आवश्यकता औंल्याउँदै अब उमेर-विशिष्ट बेरोजगारी तथ्याङ्क जारी नगर्ने पनि बताएको छ ।

यो निर्णयले मङ्गलबार सामाजिक सञ्जालमा प्रतिक्रिया उत्पन्न गरेको थियो र इन्टरनेट प्रयोगकर्ताहरूले अधिकारीहरूले बढ्दो युवा बेरोजगारीको सीमा लुकाउन खोजेको आरोप लगाएका थिए ।

चिनियाँ नेताहरूले हालैका हप्ताहरूमा घरेलु खपत बढाउन खोजेका छन्, स्टेट काउन्सिलले गत महिना नागरिकहरूलाई सवारी साधन, पर्यटन र घरेलु उपकरणहरू जस्ता क्षेत्रहरूमा अधिक खर्च गर्न प्रोत्साहित गर्न २०-सूत्रीय योजना जारी गरेको थियो ।

देशको उच्च अधिकारीहरूले अर्थव्यवस्थाले 'नयाँ कठिनाइ र चुनौतीहरू' साथै 'प्रमुख क्षेत्रहरूमा लुकेका खतराहरू' को सामना गरिरहेको चेतावनी दिएका छन् ।

सन् २०२३ को पहिलोदेखि दोस्रो त्रैमासिकको बीचमा चीनले ०.८ प्रतिशतले मात्र आर्थिक वृद्धि हासिल गर्ने भएकाले चीनले सन् २०२३ का लागि तय गरेको पाँच प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सङ्घर्ष गर्न सक्ने सरकारी तथ्याङ्कले देखाएको छ ।

गत हप्ता निर्वाचनका लागि चन्दा सङ्कलन कार्यक्रममा बोल्दै बाइडेनले देशको उच्च बेरोजगारी र बुढ्यौलीको श्रमशक्तितर्फ इङ्गित गर्दै 'चीन समस्यामा छ' भन्नुभएको थियो ।

# संयुक्त राष्ट्रसङ्घद्वारा कोलम्बिया हिंसाको निन्दा

एएफपी

बोगोटा । संयुक्त राष्ट्रसङ्घले कोलम्बियामा नाटकीय ढङ्गले हिंसात्मक घटना बढेकामा त्यसको निन्दा गरेको छ ।

कोलम्बियामा यो वर्षको पहिलो छ महिनामा ५० भन्दा बढी नरसंहारका घटना भएका छन्‍ । सरकार र सशस्त्र समूहबीचको युद्धविरामका बाबजुद ११ प्रतिशतले हिंसा बढेको राष्ट्र सङ्घले जनाएको छ ।

मानवअधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तका प्रतिनिधि जुलिएट डे रिवेरोले बढ्दो हिंसाप्रति दुःख व्यक्त गरेकी छन् । बोगोटामा मानवीय अवस्थासम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै उनले सुरक्षा बलमाथि भएका अन्धाधुन्ध आक्रमण, गैर-राज्य र सशस्त्र समूह तथा आपराधिक सङ्गठनका नरसंहारका घटनाले सबैलाई चिन्तित तुल्याएको बताइन् ।

गत वर्षको अन्त्यमा राष्ट्रपति गुस्ताभो पेट्रोले देशका पाँच प्रमुख सशस्त्र समूहहरूसँग द्विपक्षीय युद्धविरामको घोषणा गर्नुभएको थियो तर त्यसको पूर्ण पालना नहुँदा अमूल्य मानव जीवन अतिवादी समूहको आक्रमणमा नाश भइरहेको छ । बितेका छ महिनाम नरसंहारका घटनामा १९ जना बालबालिकाका साथै एक सय ६८ जना मारिएका छन् ।

# भारतको हिमाञ्चल प्रदेशमा बाढी र पहिरोका कारण ६१ जनाको मृत्यु

सिन्ह्वा

नयाँदिल्ली । भारतको उत्तरी पहाडी राज्य हिमाञ्चल प्रदेशमा भारी वर्षाका कारण आएको बाढी र पहिरोका कारण पछिल्लो दुई दिनमा मृत्यु हुनेको संख्या ६१ पुगेको छ ।



सिमलाको समर हिल क्षेत्रमा गएको भीषण पहिरोले क्षति पुऱ्याएपछि पछिल्लो दुई दिनमा जारी खोजी तथा उद्धार कार्यमा १२ जनाको शव फेला परेको छ भने नौ जना अझै हराइरहेका छन् ।

भारी वर्षाका कारण काँगडा जिल्लामा बाँध भत्किने जोखिममा परेको छ । यसले तल्लो क्षेत्रमा बाढीको चिन्ता बढाएको छ । बाढीको जोखिममा परेका ८०० भन्दा बढी मानिसहरूलाई तल्लो इलाकाबाट सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ र कठिन भूगोलमा बाढीको पानीमा फसेका करिब ८० जनालाई उद्धार गरिएको छ ।

भारतीय वायु सेनाका डुङ्गा र हेलिकप्टरहरू कठिन भू-भागहरूमा प्रभावितहरूको उद्धारका लागि सेवामा खटिएका छन् । हिमाञ्चल राज्यको राजधानी सिमलाका साथै मण्डी, कुल्लू र काँगडा जिल्ला पनि सबैभन्दा बढी प्रभावित भएका छन् ।

अहिलेसम्म करिब ३०० सडक र राजमार्गहरूको यातायात प्रभावित भएको छ । एक सय वर्षभन्दा पुरानो सिमला-कालका रेल मार्गको लिक केही स्थानमा उखेलिएको छ, पुलहरू भत्किएका छन् भने ट्रान्सफर्मरहरू ढलेका वा बिग्रिएका छन् । धेरै खानेपानी परियोजनाहरू पनि प्रभावित भएका छन्, जसले गर्दा राज्यको सामान्य जनजीवन अस्तव्यस्त भएको छ ।

हिमाञ्चल राज्य सरकारी अधिकारीहरूले लगातारको वर्षाका कारण ७२० घर र २४१ पसलपूर्ण रूपमा क्षतिग्रस्त भएको र करिब सात हजार १६१ घरमा आंशिक क्षति पुगेको पुष्टि गरेका छन् ।

राज्यका मुख्यमन्त्री सुखविन्दर सिंह सुखुका अनुसार राज्यलाई १०० अर्ब भारतीय रूपैयाँ (करिब १.२ अर्ब अमेरिकी डलर) बराबरको क्षति भएको थियो र प्रभावित क्षेत्रमा संरचना पुनः निर्माणका लागि कम्तिमा एक वर्ष लाग्ने बताइएको छ ।



मोरङको लक्ष्मीमार्गस्थित खेतमा धान गोड्दै स्थानीय महिला। यसपटक समयमा पानी पर्दा मोरङमा धान खेती फस्टाएको छ। तस्विर : रासस

# पर्यटन प्रवर्द्धनका लागि भियतनामसँग सिधा उडान गर्न आग्रह



काठमाण्डु । नेपाल-भियतनाम सम्बन्ध थप विस्तार तथा पर्यटन प्रवर्द्धनका लागि दुबै मुलुकबीच सिधा उडान हुनुपर्ने यस क्षेत्रका जानकारहरूको सुझाव छ । नेपाल-भियतनाम चेम्बर अफ कमर्शले नेपालका लागि समेत र ाजदूत रहनुभएका न्गुयेन थान हाइको स्वागतका लागि बुधबार यहाँ आयोजना गरेको कार्यक्रममा सहभागी वक्ताहरूले लुम्बिनी-भियतनाम सिधा उडान गर्न सके बुद्धिष्ट सर्किट विस्तारमा टेवा पुग्ने धारणा व्यक्त गर्नभएको हो।

कार्यक्रममा राजदूत न्गुयेनले भियतनामीहरू नेपालको लुम्बिनी आउन इच्छुक रहेको उल्लेख गर्दै दुई देशले पर्यटन प्रवर्द्धनका लागि सम्पर्क सञ्जाल विस्तार गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले नेपाल-भियतनामबीच कूटनीतिक सम्बन्ध स्थापनापछि द्विपक्षीयरूपमा भ्रमण आदानप्रदान हुँदै आएको बताउँदै आर्थिक समृद्धिका लागि द्विपक्षीय व्यापार, पर्यटनलगायत सम्भावनाका क्षेत्रमा सम्पर्क सञ्जाल विस्तार गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो ।

भियतनामका लागि कन्सुलरसमेत रहनुभएका व्यवसायी राजेशकाजी श्रेष्ठले नेपालको पर्यटन प्रवर्द्धनका लागि लुम्बिनी-भियतनाम सिधा उडानका लागि पहल गर्न आग्रह गर्नुभयो । साथै उहाँले दुबै देशबीच व्यापार, लगानी, कृषि, पर्यटन, सांस्कृतिक सम्बन्धलगायत क्षेत्रमा सहयोग आदानप्रदान गर्न पनि आग्रह गर्नुभयो। कार्यक्रममा नेपाल-भियतनाम चेम्बर अफ कमर्शका अध्यक्ष दीपक मलहोत्रा र उपाध्यक्ष सुरेशमान श्रेष्ठले द्विपक्षीय व्यापार, पर्यटन, कृषि, धार्मिक पर्यटनलगायत सम्बन्ध विस्तारले जनता-जनताबीच समेत सम्बन्ध विस्तार हुने धारणा व्यक्त गर्नुभयो ।

साथै उहाँहरूले भियतनामसँग कृषि क्षेत्रमा हातेमालो गरेर र बुद्ध धर्मालम्बीलाई बुद्धको जन्मभूमि भित्र्याएर नेपालले लाभ लिनसक्ने बताउनुभयो। रासस

# विमानस्थलको सुरक्षा व्यवस्थामा व्यापक हेरफेर ल्याउनुपर्छ'



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले र ाष्ट्रिय सुरक्षाको पहिलो ढोकाको रूपमा रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको समग्र व्यवस्थापन र सुरक्षा व्यवस्थामा व्यापक हेर फेर ल्याउनुपर्ने बताउनुभएको छ।

बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आयोजित विमानस्थलको सुरक्षा प्रबन्ध र सरकारले चाल्नुपर्ने कदमका बारे छलफल गर्न आयोजित बैठकलाई सम्बोधन गर्दै उहाँले विमानस्थलको सुरक्षा प्रबन्ध व्यवस्थित गर्न ठोस कदम चाल्नुपर्नेमा जोड दिनुभएको हो।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "हामी गम्भीर विषयमा छलफल गरिरहेका छौँ। हामीले स्थितिको गम्भीर समीक्षा गरेर अगाडि कसरी बढ्ने, विगतका कमीकमजोरी कसरी सच्याउने भन्नेतिर हाम्रो ध्यान जानुपर्छ । नकारात्मक चिजलाई शिक्षाका रूपमा लिएर अगाडि बढाउनुपर्छ। सोच, संरचना, कार्यविभाजन र कार्यशैलीमा सुधार गर्नेतिर जोड गर्नुपर्छ।"

विमानस्थलको समग्र व्यवस्थापन र सुरक्षा प्रबन्धबारे गम्भीर समीक्षा र अध्ययन गर्नुपर्ने अवस्था आएको उल्लेख गर्दै उहाँले छिट्टै विज्ञ र सरोकार वाला निकाय तथा कार्यालयका प्रतिनिधि रहेको कार्यदल बनाइने बताउनुभयो। "त्यो कार्यदललाई अध्ययनका लागि छोटो समय दिइन्छ र कार्यदलले दिएको रि पोर्टअनुसार विमानस्थलको सुर क्षा प्रबन्धमा हेरफेर ल्याउनुपर्छ। हामी छिट्टै एउटा निर्णयमा पुग्छौँ", उहाँले भन्नुभयो।

छलफलमा उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले अपराधमा नयाँनयाँ प्रविधि र तौरतरिकाको प्रयोग भएको बताउँदै देशको समग्र सुर क्षा अवस्था र चुनौतीबारे गम्भीर अध्ययन गरी त्यसका आधार मा नयाँ सुरक्षा व्यवस्था लागू गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले अपर ाधको सञ्जाल तोड्न सरकार कठोररूपमा उभिने बताउनुभयो।

अर्थमन्त्री डा प्रकाशशरण महतले सुरक्षा व्यवस्थापन प्रभावकारी बनाउन राज्यका निकायबीच अन्तरनिकाय समन्वय थप चुस्त बनाउनुपर्नेमा जोड दिँदै राज्यका सबै निकायमा दण्ड र पुरस्कारको व्यवस्था गरेर जानुपर्ने बताउनुभयो।

गृहसचिव दिनेश भट्टराईले त्रिभुवन विमानस्थललगायत देशभरिका विमानस्थलको अवस्था, सुरक्षा व्यवस्थापन, विमानस्थलमा कार्यरत कार्यालय र निकायको कार्यजिम्मेवारी एवं वर्तमान अवस्थालगायत सुरक्षा चुनौती र सरकारले निगरानी र ाख्नुपर्ने विषयमा आफ्नो प्रस्तुति राख्दै देशको समग्र सुरक्षा स्थिति सामान्य अवस्थामा रहेको ' ब्रिफिङ' गर्नुभएको थियो।

प्रधानमन्त्रीले आयोजना गर्नुभएको बैठकमा रक्षामन्त्री, गृहमन्त्री, अर्थमन्त्री, प्रधानमन्त्रीका सल्लाहकार, र ाष्ट्रिय सुरक्षा सल्लाहकार, नेपाल सरकारका मुख्यसचिव, नेपाली सेनाका प्रधानसेनापति, नेपाल र ाष्ट्र बैंकका गभर्नर, गृहसचिव, रक्षासचिव, प्रधानमन्त्री कार्यालयका प्रशासन सचिव, अर्थसचिव, प्रहरी महानिर ीक्षक, सशस्त्र प्रहरी महानिर ीक्षक, राष्ट्रिय अनुसन्धानका मुख्य अनुसन्धान निर्देशक, अध्यागमन विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, भन्सार विभागका महानिर्देशक, नागरिक उड्डयन प्राधिकरणका प्रमुखलगायत सरोकारवाला निकाय र कार्यालयका अधिकारी उपस्थित हुनुहुन्थ्यो। रासस

# तीन दिनमा सेयर लगानीकर्ताको सम्पत्ति ६२ अर्बले गुम्यो

**टुडे समाचारदाता**

काठमाण्डु । लगातार तेस्रो दिनपनि नेप्से परिसूचक घटेको छ। सोमबारदेखि घट्न थालेको सेयर बजारले यस दिन पनि निरन्तरता पाएको हो। यस तीन दिनमा नेप्से परिसूचक ५५.७२ अंकले घटेको छ।

यससँगै तीन दिनमा लगानीकर्ताको सम्पत्ति ६२ अर्बले ह्रास आएको छ। आइतबार ३० खर्ब ९३ अर्ब कुल बजार पुँजीकरण रहेकोमा बुधबार ३० खर्ब ३१ अर्बमा सीमित रहेको छ। बुधबार नेप्से परिसूचक २०.३१ अंकले घटेर २०२५.१२ बिन्दुमा पुगेको छ।

बुधबार नेप्से परिसूचकसँगै कारोबार र कम पनि अघिल्लो दिनको तुलनामा घटेको छ। गत कारोबार दिन २ अर्ब १५ करोड ७३ लाख १२ हजार ३६९ रुपैयाँको सेयर कारोबार भएकोमा यस दिन उक्त रकम घटेर १ अर्ब ६७ करोड ९९ लाख ८० हजार ६२३ रुपैयाँ पुगेको छ।



यस दिन २६९ वटा धितोपत्रको ४८ लाख ३८ हजार १०६ कित्ता सेयर किनबेच भएको हो। बुधबार सनराइज फोकस्ड इक्विटी फण्डको इकाइमूल्य सर्वाधिक ४ प्रतिशतले बढेको छ। उक्त योजनाको इकाइ मूल्य ८ रुपैयाँ ३२ रुपैयाँ पुगेको छ।

यस्तै, बलेफी हाइड्रोपावरको सेयरमूल्य ३.९९ प्रतिशतले बढेर प्रति कित्ता मूल्य २२६ रुपैयाँ ७० पैसा कायम भएको छ। सेयर मूल्य सर्वाधिक घट्नेमा माउन्टेन हाइड्रो नेपाल रहेको छ। उक्त कम्पनीको मूल्य ८.०६ प्रतिशतले घटेर प्रति कित्ता मूल्य १९४ रुपैयाँमा सीमित भएको छ।

यस्तै, स्वेत गंगा हाइड्रोपावरको सेयर मूल्य ८.०३ प्रतिशतले घटेर प्रतिकित्ता मूल्य २१८ रुपैयाँ ८० पैसामा झरेको छ। बुधबार हिमालयन डिष्टिलरीको सर्वाधिक कारोबार भएको छ। उक्त कम्पनीको प्रतिकित्ता एक हजार ९६९ रुपैयाँमा ८ करोड ४१ लाख बराबरको सेयर कारोबार भएको हो। सर्वाधिक सेयर खरिद-बिक्री हुने दोस्रो कम्पनीमा शिवम् सिमेन्ट रहेको छ। उक्त कम्पनीको प्रतिकित्ता ५३२ रुपैयाँमा ७ करोड १४ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ।

त्यस्तै, बुधबार कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये सबै समूहको परिसूचक घट्दा समग्र नेप्से घटेको हो। यसदिन जलविद्युत समूहको परिसूचक सर्वाधिक १.८५ प्रतिशतले घटेको छ।

यस्तै, वित्त समूहको परिसूचक १.३५ प्रतिशत र अन्य समूहको परिसूचक १.२६ प्रतिशतले घटेको छ।

# नेपाल टेलिकमको आम्दानी १.११ प्रतिशत बढ्यो, नाफा खुम्चियो




**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल टेलिकमको गत आर्थिक वर्ष २०७९/८० मा खुद मुनाफा ७.८६ प्रतिशतले घटेर ७ अर्ब ८० करोड ४५ लाख २६ हजार रुपैयाँमा सीमित भएको छ।

कम्पनीको आर्थिक वर्ष २०७८/७९ मा नाफा ८ अर्ब ४७ करोड ७ लाख ३३ हजार थियो। सस्तो दरका डाटा प्याकेजहरू बढ्दै गएको कारण ओटिटी सेवा प्रयोगले कम्पनीको अन्तरआबद्धता आम्दानी ६८ करोडले कम भएको छ।

कर्मचारी खर्चमा भएको वृद्धि, मौसमको प्रतिकुल असरले गर्दा विद्युत आपूर्ति तथा मर्मतसम्भार कार्य समयमा हुन नसकेकोले साइटहरू समयमा सञ्चालन हुन नसकेकोले पनि आम्दानी प्रभाव परेको कम्पनीले उल्लेख गरेको छ।

कम्पनीको कुल आय ४९ करोड ३६ लाख १६ हजार रुपैयाँ (अर्थात् १.११ प्रतिशत) ले वृद्धि भएर ४४ अर्ब ८६ करोड ८२ लाख ७३ हजार रुपैयाँ पुगेको छ।

कुल सञ्चालन आय भने २.९४ प्रतिशतले कमी भएर ३६ अर्ब ८० करोड ३९ लाख ३० हजार रुपैयाँमा सीमित भएको छ।

तर, रोमिङ सेवाको बढ्दो प्रयोगको कारण आम्दानी २२ करोड ४६ लाख वृद्धि भएको, विदेशी विनिमय दरमा भएको परि वर्तनको कारण २२ करोड २४ लाख रुपैयाँ नाफा भएको छ।

# करिब दुई अर्बमा बिक्री भयो टाइगर प्यालेस, तीन महिनाभित्र सरकारलाई कर बुझाउने

**टुडे समाचारदाता**

बुटवल । रुपन्देहीमा रहेको टाइगर प्यालेस रिसोर्ट केही दिन अघि १५ मिलियन अमेरिकी डलर (एक अर्ब ९८ करोड रुपैयाँ)मा बिक्री भएको छ।

अष्ट्रेलियन कम्पनी सिल्भर हेरिटेज ग्रुप लिमिटेडले सेयर लगानी गरी सञ्चालन गर्दै आएको यो होटल गैर आवासीय नेपालीहरूले खरिद गरेका हुन्।

सिल्भर हेरिटेज ग्रुपले आफ्नो सहायक कम्पनी सिल्भर हेरिटेज लिमिटेडमार्फत् नेपालमा लगानी गरेको थियो। गैरआवासीय नेपालीहरूले संयुक्त राज्य अमेरिकामा स्थापना गरेको हिमालयन टाइगर इन्भेष्टमेन्ट इक मार्फत होटल खरिद गरेका हुन्। बुधबार पत्रकार सम्मेलन राखेर यो खरिदबिक्रीको जानकारी दिइएको थियो।

तर, केही समयअघि विदेशमै यस होटलको स्वामित्व हस्तान्तरण भएपछि कर नतिर्ने उद्देश्य राखिएको भन्दै यसमा विवाद आएको थियो।




होटलका अध्यक्ष बुद्धि सागर सुवेदीले भने, 'हामीले आगामी तीन महिना भित्रमा सरकार लाई तिर्नुपर्ने सबै कर तिर्नेछौं।'

रिसोर्टमा भएको बैंक ऋणको दायित्व लगायतका अन्य व्यवसायिक दायित्वहरू र हालसम्म भएको नोक्सानीको आधारमा करिब ४ अब नेपाली रुपैयाँ खर्च हुने सुवेदीले बताएका छन्। यो रकम सेयर खरिदको लागि भएको खर्च समेतको आधारमा हो। होटलको सबै प्रकारको ऋण साँवा गरेर २ अर्ब भुक्तानी गर्न बाँकी रहेको समेत जानकारी दिइएको छ।

सिल्भर हेरिटेजले यो रिसोर्ट सञ्चालन गर्न तथा क्यासिनो व्यवसाय गर्ने सिलसिलामा नेपालमा करिब ५ अर्ब रुपैयाँ लगानी गरेको थियो। रिसोर्ट र यसमा सञ्चालित क्यासिनोमा करिब एक हजार जना नेपालीले प्रत्यक्ष रोजगारी पाएका थिए र यसले नेपाल सरकारलाई करोडौ रुपैयाँ राजस्व समेत तिर्दै आएको थियो। कोभिड महामारी र रिसोर्ट सञ्चालनको क्रममा देखिएको आन्तरिक विवादको कारण केही वर्षदेखि रिसोर्ट पूर्ण रूपमा सञ्चालन हुन सकेको थिएन। रिसोर्टले करोडौ रुपैयाँ घाटा व्यहोर्दै आएको थियो। रिसोर्ट पूर्ण रुपमा सञ्चालन हुन नसक्दा नेपालीले रोजगारी गुमाउनुका साथै सरकारको करोडौ राजस्व पनि गुम्दै गएको थियो। रिसोर्टले नेपालका बैंकलाई तिर्नु पर्ने साँवा, ब्याजको दायित्व पनि तिर्न सकिरहेको थिएन।

प्रत्यक्ष वैदेशिक लगानीमा सञ्चालन भएको यो रिसोर्ट परियोजना बन्द हुने अवस्थामा पुगेको र विदेशमा समेत नेपालमा वैदेशिक लगानीको वातावरण नभएको गलत सन्देश जाने भन्दै आफूहरूले सेयर खरिद गरेको सुवेदीले जानकारी दिए। टाइगर प्यालेस रिसोर्ट अब नयाँ व्यवस्थापन सहित सञ्चालन हुनेछ।


सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

**धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना**

**प्रकाशित मिति: २०८०/०४/३२**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय रामगोपालपुर, महोतरीबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीलाई मिति २०७९/१०/२६ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय रामगोपालपुर, महोतरीमा बिहान ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स वान जोन वान प्रडक्ट –अधिविकर्ष कर्जा**

**ऋणीको नाम र ठेगाना**

**नाम : श्रवण यादव**
बाबु : झगरु यादव
बाजे : जुगाई यादव
ठेगाना : सिग्याही-०६, महोत्तरी
हाल : भंगहा न.पा.-०६, महोत्तरी
ना.प्र.नं. : ८८८९४००१
जारी मिति : २०६१/१०/२५
जि.प्र.का : महोत्तरी

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : सचिन यादव**
बाबु : श्रवण यादव
बाजे : झगरु यादव
ठेगाना : सिग्याही-०६, महोत्तरी
हाल : भंगहा न.पा.-०६, महोत्तरी
ना.प्र.नं. : १८-०१-७५-०५६०२
जारी मिति : २०७५/०६/१८
जि.प्र.का. : महोत्तरी

**२. नाम : प्रमिला देवी यादव**
बाबु : रामनारायण यादव
ससुरा : झगरु यादव
पति : श्रवण यादव
ठेगाना : सिग्याही-०६, महोत्तरी
हाल : भंगहा न.पा.-०६, महोत्तरी
ना.प्र.नं. : १८-३-०५८-१३०५
जारी मिति : २०६३/११/०५
जि.प्र.का : महोत्तरी

**धितो राखिएको सम्पत्तिको विवरण**
**धितो सुरक्षण धनीको नाम :- श्रवण यादव**

| | |
|---|---|
| जिल्ला | महोत्तरी |
| न.पा./गा.वि.स. | हात्तिसर्वा |
| वडा नं/नक्सा सिट | ९/९क |
| कि.नं. | ९४१ |
| क्षेत्रफल (बि.क.धु) | ०-८-१९.२५-० |
| कैफियत | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को शाखा कार्यालय रामगोपालपुर, महोतरी वा नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८०/०५/१७ गते, आइतबार**
**समय :- ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय रामगोपालपुर, महोतरी ।**

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

# उत्तरपुस्तिका साटेको आरोपमा दुई जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसका विद्यार्थीलाई उर्तीण गराउन उत्तरपुस्तिका साटेको आरोपमा पर्सा प्रहरीले २ जनालाई रंगेहात पक्राउ गरेको छ ।



पक्राउ पर्नेमा ठाकुरराम बहुमुखी क्याम्पसका परीक्षा शाखाका पूर्व प्रमुख मोहन यादव र त्रिजुद्ध मावि परीक्षा केन्द्रका परीक्षा प्रमुख विनोद स्वर्णकार रहेका छन् ।

उनीहरूले ७००१५१८८७ सिम्बल नम्बर भएको ठाकुरराम क्याम्पसमा अध्ययनरत बिमा कुमारी यादवलाई उत्तीर्ण गराउन उत्तरपुस्तिका साट्न लागेको अवस्थामा प्रहरीले रंगेहात पक्राउ गरेको थियो ।

आज परीक्षाको अन्तिम समयमा ठाकुर राम क्याम्पसका पूर्व परीक्षा शाखाका प्रमुख यादवले छात्रा बिमा कुमारी यादवसँग भएको उत्तरपुस्तिकाको सट्टा बाहिरबाट उत्तर लेखिएको अर्को उत्तरपुस्तिका ल्याई त्रिजुद्ध माविका परीक्षा केन्द्र प्रमुख स्वर्णकारलाई राख्न दिँदै गरेको अवस्थामा वडा प्रहरी कार्यालय विर्ताका प्रहरी निरीक्षक विदुर सिवाकोटीको नेतृत्वमा खटिएको प्रहरी टोलीले उनीहरुलाई रंगेहात पक्राउ गरेको थियो । ठाकुरराम बहुमुखी क्याम्पसको बीबीएस दोस्रो वर्षको परीक्षा वीरगञ्जस्थित त्रिजुद्ध मावि परीक्षा केन्द्रमा भइरहेको छ ।

बुधबार अङ्ग्रेजी विषयको परीक्षा रहेको थियो । यसअघिका विषयहरूमा समेत उत्तर पुस्तिका साट्ने चलखेल भएको त्रिजुद्ध माविका कर्मचारीले बताएका छन् ।

त्रिजुद्ध परीक्षा केन्द्रका एक कर्मचारीका अनुसार यादव र स्वर्णकारले सो बापत प्रति विधार्थीसंग ३०-३५ हजार रकम लिँदै आएको खुलेको छ ।

उत्तरपुस्तिका साटेर विधार्थीहरुलाई उत्तीर्ण गराउने काम भइरहेको भन्ने सूचनाका आधारमा वडा प्रहरी कार्यालय विर्ताका प्रहरी टोलीलाई परीक्षा केन्द्रमा खटाइएको थियो ।

पक्राउ परेका दुबै जनालाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेर थप अनुसन्धान अगाडी बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कोमल साहले जानकारी दिए ।

पक्राउ परेका अभियुक्तलाई शिक्षा ऐन-२०२८ को दफा १७ अनुसार मुद्दा दर्ता गरि कारबाही प्रक्रिया अगाडि बढाइने प्रहरी उपरीक्षक शाहले बताए ।

शिक्षा ऐन-२०२८ को दफा १७ मा प्रश्न पत्रको गोपनीयता भङ्ग गरेमा वा अरूको परीक्षा दिएमा वा परीक्षाको मर्यादा भङ्ग गरेमा त्यसमा संलग्नलाई कसुरको मात्रा हेरेर १ लाख रुपैयाँ जरिवाना वा ६ महिना कैद वा दुबै सजाय हुनसक्ने उल्लेख गरिएको छ ।

# पाँच लाख घुससहित इन्जिनियर र लेखापाल पक्राउ




**टुडे समाचारदाता**

राजविराज । गाउँपालिकामा भएको सोलार बत्ती जडान कार्यको भुक्तानी वापत घुस लिँदा लिँदै दुई कर्मचारी रंगेहात पक्राउ परेका छन् ।

सप्तरीको विष्णुपुर गाउँपालिकाका लेखापाल टेकनारायण यादव र कम्प्युटर अपरेटर वीरेन्द्र कुमार यादव बुधबार घुस वापत लिएको नगर र चेकसहित पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग क्षेत्रीय कार्यालय इटहरीबाट खटेको टोलीले बिहान ९ बजेतिर राजविराज ३ गजेन्द्र चोक स्थित एक चिया पसलमा घुस वापतको रकम लिँदै गर्दा उनीहरुलाई पक्राउ गरिएको आयोगको क्षेत्रीय कार्यालय इटहरीका प्रवक्ता निरज कुमार देवले जानकारी दिए ।

उनीहरुका साथबाट घुस वापत लिएको २ लाख नगद तथा ३ लाख रुपैयाँको मुक्तिनाथ विकास बैंकको चेक फेला परेको आयोगले जनाएको छ ।

विष्णुपुर गाउँपालिकाका लेखापाल टेकनारायण सप्तरी जिल्ला अदालतका लेखापाल समेत छन् । सोलार बत्ती जडान कार्यको भुक्तानी लिन जाँदा सम्बन्धित व्यक्तिसंग घुस मागेको सूचनापछि टेकनारायण र वीरेन्द्र माथि अख्तियार टोलीले निगरानी बढाएको श्रोतले जनाएको छ ।

पक्राउ परेका स्थलको मुचुल्का तथा दुबै जनासंग प्रारम्भिक बयान लिइ नियन्त्रणमा राखी आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको आयोगले जनाएको छ ।

# उपमहानगरद्वारा वारुणयन्त्र खरिद

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले अत्याधुनिक वारुण यन्त्र खरिद गरेको छ ।




यस अघि उपमहानगरसँग भएका दुई वारुणयन्त्र मध्ये एक वटा मात्र चालु अवस्थामा रहेको बेलामा थप एक वटा वारुणयन्त्र खरिद गरेको जनाएको छ ।

धनुषा जिल्लामा वारुणयन्त्रको अभाव भएको बेलामा जनकपुरधाम उपमहानगर पालिकाले एक वटा वारुणयन्त्र खरिद गरेपछि जनतालाई राहत पुग्ने भएको छ ।

कुल ९० लाखको लागतमा खरिद गरेको वारुणयन्त्रमा पेट्रोलियम पदार्थमा आगो लागेपछि त्यसको नियन्त्रणका लागि पाँचसय लिटरको छुट्टै फोम चेम्बर रहेको जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोज कुमार साहले जानकारी दिएका छन् ।

सामान्य पानीले पेट्रोलियम पदार्थको आगो नियन्त्रण कठिन भए पनि फोमले सजिलै नियन्त्रणमा लिन मिल्ने भएकाले यस पटक त्यसको पनि व्यवस्था गर्ने काम भएको उनले जानकारी दिए ।

गत वर्ष मात्र साउन महिनामा जनकपुरधामको उपमहानगर पालिका भन्दा २ सय मिटरको दूरीमा रहेको मिथिला डिपार्टमेन्टमा आगलागी हुँदा उपमहानगरले वारुणयन्त्र पठाउन सकेको थिएन । उपमहानगरपालिकाको वारुणयन्त्र बिग्रेकाले नेपाल प्रहरी तथा अन्य पालिकाबाट आएका वारुणयन्त्रले आगो नियन्त्रणमा लिए पनि धेरै ठूलो क्षति भएको थियो । उपमहानगरको व्यापक आलोचना पनि भएका थिए ।

जनकपुरधाम उपमहानगर पालिकाले खरिद गरेको अत्याधुनिक वारुणयन्त्रमा ६ हजार लिटरको अर्को पानी ट्यांकी पनि रहेको छ । एक वारुणयन्त्रमा अत्यधिक प्रज्वलन पदार्थमा लाग्ने आगो नियन्त्रणका साथै सामान्य आगो नियन्त्रण गर्ने गरी दुबै सुविधा रहेको छ ।

धनुषा जिल्लामा रहेका १८ पालिका मध्ये जनकपुरधाम बाहेक अन्य तीन पालिकामा मात्र वारुण यन्त्र रहेको छ ।

धनुषाको क्षीरेश्वरनाथ, मिथिला तथा सबैला नगरपालिकामा मात्र वारुणयन्त्र रहेको छ । अन्य १४ पालिकामा आगो लागेको खण्डमा जनकपुरधाम उपमहानगर पालिकाका वारुण यन्त्रले नै आगो नियन्त्रणमा जाने गरेको नगरप्रमुख साहले जानकारी दिए ।

नयाँ वारुण यन्त्र आएको तर प्राविधिक परीक्षण गरेपछि दुई तीन दिनभित्रमा नै सञ्चालनमा आउने जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख साहले बताए ।

# ट्र्याक्टरले किचिएर मृत्यु

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको पिपरा गाउँपालिकामा बुधबार ट्र्याक्टरले किचिएर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा पिपरा गाउँपालिका -४ का ३५ वर्षीय कृष्णकुमार मिश्र रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार ज १ त ८१५३ नम्बरको ट्र्याक्टरबाट खेत जोतिरहेको बेला ट्र्याक्टर पल्टिदा उनको किचिएर मृत्यु भएको छ ।

उनी आफै खेत जोतिरहेको र ट्र्याक्टर ढल्दा उहाँ च्यापिनुभएको प्रहरीको भनाइ छ ।

घटना भएको खबरपछि स्थानीयले उद्धार गरे पनि उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता दिलीपकुमार गिरीले जानकारी दिए ।

# नि:शुल्क औषधि वितरण

**राकेश यादव**

गौर । रौतहटको वृन्दावन नगरपालिकाले नि:शुल्क रुपमा आखा पाक्ने रोगको औषधि उपलब्ध गराएको छ ।



महामारीको रुपमा संक्रमण फैलिदै गएको भाइरल कनजकीट भाइटिस आखा पाक्ने रोगको नियन्त्रण तथा रोगथाम को लागि नगरपालिकाबाट आम नागरिकको सहयोग पुग्ने उद्देश्यले नि:शुल्क रुपमा औषधि उपलब्ध गराइएको नगर प्रमुख विनोद प्रसाद पटेलले बताएका छन ।

अहिले नेपालको विभिन्न जिल्लाहरुमा आखा पाक्ने समस्या देखिएकोले आखाको र म्प्रोसित हेरचाह गर्न आग्रहसमेत गरेका छन् ।

मानिसको महत्वपूर्ण अंगको रुपमा आखा रहेकोले आँखामा समस्या आउँदा हेलचकराई नगर्न सुझाव उनको रहेको छ ।

नगरपालिकाको वडाहरुमा आखामा हाल्ने ड्राप व्यवस्थापन गरिएको र उपचारको लागि आउने विरामीहरुलाई नि:शुल्क रुपमा औषधि प्रदान गर्न निर्देशन दिइएको नगर प्रमुख पटेलले बताए ।

स्वास्थ्य जस्तो संवेदनशील विषयमा आफू गम्भीर भएर अघि बढिरहेको उनको कथन छ ।

आखा रातो हुनु , दुखाउनु ,चिलाउने जस्ता आखा पाक्ने रोगको लक्षण रहेकोले यस्ता किसिमको समस्या देखा पर्ने वित्तिकै नजिकको स्वास्थ्य केन्द्र गएर चिकित्सकसंग सलाह गर्न नगरवासीलाइ अपील समेत गरेका छन् ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत रास नारायण पटेलले हाल नेपालमा देखा परेका आखा पाक्ने रोगको संक्रमण नियन्त्रण तथा रोगथामको लागि नगर पालिकाले औषधि व्यवस्थापन गर्नुको साथै सचेतना फैलाउने कार्य गर्नलागेको जानकारी दिएका छन् ।

नगरपालिकाले सरसफाइमा ध्यानकेन्द्रित गरेको बताउँदै शिक्षा ,सामाजिक विकास र भौतिक पूर्वाधार निर्माणको कार्यलाइ पनि निरन्तरता दिएको जनाएका छन् ।

स्वास्थ्यकर्मीहरुलाई समयमा कार्यालय पुगेर सेवाप्रवाह गर्न कड़ाइ गरिएको दाबी गरेका छन् ।

आखा पाक्ने रोग सजिलैसंग एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गरेकोले संक्रमित व्यक्ति संगको संपर्कबाट टाढा भएर बस्न , संक्रमित भएपछि चश्माको प्रयोग गर्न र समयमा औषधि प्रयोग गर्न आग्रह गरेका छन्।

# २४ करोड २८ लाख बढीको सामान बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वार्टर पर्साले गत आर्थिक वर्ष ०७९/८० मा २४ करोड २८ लाख ८० हजार ९ सय ३१ रुपैयाँ बराबरको सामग्री बरामद गरी भन्सार तथा राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको छ ।

चोरी निकासी एवम् पैठारी तथा भन्सार छलेर ल्याइएका उक्त मूल्य बराबरका विभिन्न सामग्री बरामद र सवारी साधनहरू नियन्त्रणमा लिएर सम्बन्धित कार्यालयमा बुझाइएको १३ नम्बर गणका गणपति प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलियाले जानकारी दिए ।

थपलियाका अनुसार गत आर्थिक वर्षमा सशस्त्र प्रहरीले पर्साका विभिन्न स्थानबाट ९ करोड ८४ लाख ५३ हजार ४ सय मूल्य बराबरका विभिन्न सवारी साधन पनि नियन्त्रणमा लिइएको छ ।

जसमध्ये ५९ मोटरसाइकल, १ टाटा सुमो, ४ कार, १ पिक अप, १ सुजुकी कार, १ स्कार्पियो र ६ अटो रहेका छन् ।

सोही अवधिमा ५० लाख ३८ हजार ७ सय ३५ रुपैयाँ बराबरको १ हजार ५९ दशमलव ७ क्यु फिट अवैध काठ पनि बरामद गरिएको थपलियाले जानकारी दिए।

सशस्त्र प्रहरीले पर्साका विभिन्न स्थानबाट एक वर्षको अवधिमा स्रोत नखुलेको ३७ लाख २१ हजार ५ सय ९६ रुपैयाँ पनि बरामद गरेको छ ।

१ लाख ७५ हजार २ सय ७२ रुपैयाँ बराबरको सुन तथा चाँदी बरामद गरिएको सशस्त्र प्रहरी उपरीक्षक थपलियाले जानकारी दिए ।

उनका अनुसार सो अवधिमा १२ करोड ६५ लाख १० हजार ३ सय ११ रुपैयाँ बराबरको लत्ताकपडा, किराना, हार्डवेयर र इलेकट्रोनिक्स सामाग्री नियन्त्रणमा लिएर भन्सार दाखिला गरिएको छ ।

# नगरपालिकाको काम ठप्प




**टुडे समाचारदाता**

बर्दिवास । गौशाला नगर पालिकाका उपप्रमुख रेनुकमारी महतोको दुर्व्यवहार विरोधमा नगर कर्मचारीले सेवा ठप्प पारी विरोधका कार्यक्रम ठप्प परेका छन् ।

उपप्रमुख महतोले राजस्व शाखाका नायवसुब्बा दीपेन्द्र यादवलाई सोमबार कार्यकक्षमै दुर्व्यवहार गरेको कर्मचारीको आरोप छ । घटनाको छानबिनको माग गर्दै कर्मचारीले विरोधको कार्यक्रम जारी राखेका छन् ।

उपमेयर विरुद्ध विभिन्न नारा लेखिएका प्लेकार्डसहित हातमा कालोपट्टी बाँधेर कर्मचारी धर्नामा बसेका कारण १२ वटै वडाको सेवाप्रवाह प्रभावित भएको सेवाग्राहीको भनाइ छ ।

नगर कर्मचारी आन्दोलनमा उत्रेपछि घटना दर्ता, विभिन्न सिफारिस, जग्गा किनबेच, सामाजिक सुरक्षा भत्ताजस्ता काम अवरुद्ध भएपछि आफूहरू मर्कामा परेको सेवाग्राहीहरुको गुनासो छ ।

घटनालगत्तै नगर कर्मचारीले सोमबार अपराह्न विज्ञप्ति जारी गर्दै दुर्व्यवहारको निन्दा र दोषीमाथि कारबाही नभएसम्म

> आन्दोलनरत कर्मचारीले सुरक्षा प्रत्याभूति, घट्ना छानबिन तथा उपप्रमुखमाथि कारबाहीको माग राख्दै प्रमुख जिल्ला अधिकारीलाईसमेत ज्ञापनपत्र बुझाएका छन् ।

अनिश्चितकालीन विरोधको कार्यक्रम गर्ने जनाएका थिए ।

आन्दोलनरत कर्मचारीले सुरक्षा प्रत्याभूति, घट्ना छानबिन तथा उपप्रमुखमाथि कारबाहीको माग राख्दै प्रमुख जिल्ला अधिकारीलाईसमेत ज्ञापनपत्र बुझाएका छन् ।

प्रशासन कार्यालयले आवश्यक कारबाहीका लागि उक्त ज्ञापनपत्र जिल्ला प्रहरीमा पठाइएको सहायक प्रजिअ उपेन्द्र न्यौपानेले बताए ।

उपप्रमुख रेनुकुमारी महतोले आरोप कपोलकल्पित, नियोजित र दुराशयपूर्ण रहेको भन्दै आरोपको खण्डन गरेको छ। 'आरोपको आधार र प्रमाण के छ ?' उनले प्रतिप्रश्न गरिन मैले राजस्व सम्बन्धी फाइल माग्दा न दिनुपर्ने कारण के हो ?'

आफूलाई जानकारी नदिइ ठेक्का लगाउने काम भएको उनले बताइन । ठेक्का सम्बन्धी कागजात माग्नु नै दुर्व्यवहार हो ?' उपप्रमुखले प्रश्न गरिन ।

उपमेयरले बजार ठेक्का र अनलाइन प्रक्रियाबाट लगाएको ठेक्कासम्बन्धी कागजात माग गरेको कुरा सही भएको नासु दीपेन्द्र यादवले स्विकारेका छन् । नदिएपछि आफूमाथि दुर्व्यवहार भएको उनले बताए ।

# सडक नबन्दा आवतजावतमा समस्या



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको मलंगवा नगरपालिकालाई सुन्दर र सफा बनाउने परिकल्पना अनुसार बजार क्षेत्रमा दुईतर्फी नालासहितको पक्की सडक बनेपछि यहाँका बासिन्दाहरु निकै खुशी भएका छन् ।

करीब ३ दशक भन्दा बढी समयदेखि जर्जर र कुरुप अवस्थामा रहेको मलंगवा बजारमा कालोपत्र गरिएको फराकिलो सडक बनेपछि अब बल्ल केही परिवर्तन हुन्छ भनेर खुशी भएका जनताहरु पुनः निराश भएका छन् । बजारको अन्य ठाउँमा सडक बनेर सूचारु भइसके पनि मलंगवा बजारको अतिव्यस्त मानिएको मेन चोकदेखि नगरपालिकाको कार्यालयसम्मको सडक भने अहिले पनि जर्जर र हिंड्नै नसक्ने अवस्थामा रहेको छ।


विगत केहीदिन देखि भइरहेको वर्षाका कारण सडकको दुबैतर्फ नाला बनाउनको लागि खनेर छाडेको खाल्डोमा पानी भरेर बीच सडकमा घुँडासम्म पानी भरिएर आवतजावतमा समस्या भएको छ ।

सडक फराकिलो गर्न भत्काइएका घरहरुबाट निस्किएका कनक्रिटका टुक्राहरु पनि जथाभावी राखिएका कारण पनि समस्या उत्पन्न भएको छ।

नगरपालिकाले बजारका अन्य क्षेत्रमा सडक बनाए पनि आफ्नै कार्यालयतर्फ जाने सडक बनाउन नसक्दा मलंगवा बजार पुनः पहिलाको जस्तै कुरुप बनेको स्थानीय बुद्धिजीवीहरुले चिन्ता व्यक्त गरेका छन् ।

सो सडक भएर हिँड्ने मानिसहरु लड्ने गरेका छन्। सवारी साधन साइकल, मोटरसाइकल र स्कुटी चलाउनेलाई पनि समस्या हुने गरेको छ । 'म स्कुटीमा हिँड्छु, सडकमा जथाभावी छरिएर रहेका कनक्रिट र खाल्डा खुल्डीका कारण कयौंपटक लडेको छु' स्थानीय छात्र आदर्श यादवले बताए ।

एकाउण्टेन्ट चाहियो



जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.का लागि एकजना लेखा प्रमुख (एकाउण्टेन्ट) आवश्यक भएकोले कम्तिमा बीबीए, बीबीएस वा सो सरह उतिर्ण, लेखा सम्बन्धी कार्यमा अनुभवी, लेखा सम्बन्धी सफ्टवेयरको जानकारी भएका इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला । तलब आपसी सहमती अनुसार र अन्य सेवा, सुबिधा कम्पनीको नियमानुसार हुनेछ । महिलालाई विशेष ग्राहयता दिनेछ ।

सम्पर्क फोन नं.

९८५४०२७५९१, ०४१-५२७५९१

वायोडाटा पठाउने इमेल:jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८